# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १२१ | काठमाडौं | शुक्रबार, ०६ भदौ २०८२ | Prabhab National Daily | Friday, 22 August 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–



**बालअधिकार सुनिश्चित गरौं**

बालअधिकार:
- शिक्षा, स्वास्थ्य र पालनपोषणको अधिकार, 
- हिंसा र शोषणबाट जोगिने अधिकार, 
- अभिव्यक्ति र सहभागिताको अधिकार, 
- माया, स्नेह र संरक्षण पाउने अधिकार, 
- खेल र मनोरञ्जनको अधिकार ।

त्यसैले,
- बालश्रम अन्त्य गरौं, 
- सबै बालबालिकालाई विद्यालय पुन्याऔं, 
- बालबालिकाको आवाज सुन्ने संस्कार बसालौं, 
- बालमैत्री समाजको निर्माण गरौं,

'आजका बालबालिका भोलिका कर्णधार'

नेपाल सरकार
विज्ञापन बोर्ड


'लिपुलेक'बारे चीन र भारतको समझदारी

# संसदमा सबै दल उभिए एकै ठाउँ





- नेपालको सार्वभौमसत्तालाई भारत र चीनको बेवास्ता
- प्रतिनिधि सभामा लिपुलेकबारे भारत र चीनले गरेको समझदारीविरूद्ध सांसदहरूको एकैस्वर
- सरकारले तत्काल प्रतिवाद गर्नुपर्ने मत

■ **जेबी योञ्जन**

**काठमाडौं–** नेपाली भूमि लिपुलेकलाई व्यापारिक प्रयोजनका लागि प्रयोग गर्नेगरी चीन र भारतबीच भएको समझदारीप्रति प्रतिनिधि सभामा चर्को आक्रोश पोखिएको छ । सत्ता र विपक्षी सांसदहरूले लिपुलेकको प्रयोग सन्दर्भमा दुई देशले नेपालको सार्वभौमसत्तालाई बेवास्ता गरेको भन्दै गम्भीर असहमति प्रकट गरेका हुन् ।

कांग्रेस सांसद गगन थापाले सरकारले चीन र भारतको यस्तो कदमको तत्काल प्रतिवाद गर्नुपर्ने बताए । 'हामी कसैले पनि यसलाई घरेलु राजनीतिको विषय नबनाऔं । यो विषयमा भारत र चीन दुवैलाई नेपालका राजनीतिक दलहरूले एक ठाउँमा उभिएर एकढिक्का भएर सन्देश दिनुपर्ने छ,' उनले भने, 'हाम्रो भूमिमाथि आँखा लगाउने कुरा हामी कसैलाई पनि स्वीकार्य छैन । नेपालले यसको प्रतिवाद गर्छ, हामीले यो धारणा बनाउनुपर्छ ।'

प्रधानमन्त्री केपी शर्मा ओली लिपुलेक प्रयोग सन्दर्भमा दुई देशले गरेको समझदारीप्रति मौन छन् । उनले यसबारे केही प्रतिक्रिया दिएका छैनन् । यसअघि संविधान जारी हुनुअघि भारतले गरेको नाकाबन्दीको विरोध र लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटेर देशको नक्सा जारी गरेपछि ओली राष्ट्रवादी नेताका रूपमा चिनिएका थिए । तर, यतिबेला भने अस्वाभाविक रूपमा प्रतिक्रियाविहीन बनेका छन् । तर, उनको दल एमालेका प्रमुख सचेतक महेश बर्तौलाले नेपालको सार्वभौमसत्ता र अखण्डताप्रति आघात पुग्ने सबै किसिमका गतिविधिहरूको प्रतिवाद गर्ने बताए ।

उनले भने, 'यस्तो गतिविधिको हामी सशक्त विरोध गर्छौं । उच्चस्तरीय कूटनीतिक संवादको माध्यमबाट छिटोभन्दा छिटो यो हल होस्, यसका लागि म सरकारको ध्यानाकर्षण पनि गराउन चाहन्छु ।' प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले लिपुलेकबाट व्यापार खोल्ने भारत-चीन सहमतिबारे सरकारसँग जवाफ मागेको छ । प्रमुख सचेतक हितराज पाण्डेले भारत र चीनबीच नेपाली भूमि लिपुलेक भएर द्विपक्षीय व्यापार खोल्ने सहमति भएको विषय सरकारले संसद्लाई जानकारी गराउनुपर्ने माग गरे ।

'सम्माननीय सभामुखज्यू नेपाल आमालाई दुखी रहेको छ । हाम्रा दुई छिमेकी मित्र राष्ट्रहरू चीन र भारतले हाम्रो देश नेपाललाई जानकारीसमेत नदिई लिपुलेक पासबाट द्विपक्षीय व्यापार खोल्ने सहमति गरेको भन्ने खबरले हाम्रो दलको गम्भीर ध्यान ध्यानाकर्षण भएको छ,' उनले बैठकमा भने । पाण्डेले कुनै पनि सरकारको मुख्य कामभित्र पर्ने राष्ट्रिय सार्वभौमिकता र अखण्डताको रक्षाका लागि दह्रोसँग उभिन सरकारलाई सुझाए ।

क्रमशः पृष्ठ २ मा

च्यासलमाथि विद्याको चुनौती

# सरकार र ठुला दलमाथि प्रश्नैप्रश्न



- राज्यका संयन्त्र राम्ररी चलेका छैनन् । सविधान संशोधन गर्ने भनेका छन् । तर कानुन बनाउन सकिरहेको छैन
- कसैलाई आरोप लाग्यो भने उसले बोल्न पाइँदैन । आरोप लाग्दैमा निलम्बन भइहाल्ने कुन व्यवस्था हो यो ?
- देशका प्रमुख पार्टीहरु के हेरेर बसिरहेका छन् ? आज किन सांसद निरीह भए ? किन एउटा पनि कानुन बनाउन सक्दैन ?
- एउटा वडा अध्यक्ष उठाउन पनि नेताको आदेश कुर्नपर्छ
- कुरा धेरैले गर्छन् । कुराले त काम हुँदैन । किन उद्योग चलेका छैनन् ? खुट्टाले टेक्नुपर्ने देश टाउकाले टेकेर हिँडेको छ
- राजनीतिक दलहरु राम्ररी चलेका छैनन् । युवाहरुमा निराश बढ्दो छ । यसको सम्बोधन कसरी गर्ने हो ?

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** संसद भवन नयाँ बानेश्वर र सिंहदरबारको मध्यविन्दुमा पर्ने गरी पूर्व राष्ट्रपति विद्या भण्डारीले आफ्नो सम्पर्क कार्यालय खोलेकी छन् । यसरी सम्पर्क कार्यालय खडा गर्नुको मुख्य उद्देश्य हो च्यासलविरुद्ध चुनौति दिनु ।

च्यासल अर्थात् एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको दबाबमा दुई वर्षअघि नवीकरण गरिएको पार्टी सदस्य 'होल्ड'मा राखिएको थियो । त्यसपछि साउन ९ गते बबरमहलको कार्की ब्याङक्वेटमा भण्डारीले पत्रकार सम्मेलन आयोजना गरी दुखेसो पोखेकी थिइन् । त्यतिबेला नै धेरैले अनुमान गरेका थिए - पत्रकार सम्मेलनमार्फत विद्याले ओलीलाई चुनौति दिनेछिन् ।

उक्त दिन मौन बसेकी विद्याले बिहीबार भने ओलीसामु चुनौति पेश गरेकी छन् । 'आफ्नो त पार्टीको सदस्यतामै च्यासलले प्रश्न उठाएको छ । साथीहरूले मलाई नेता भन्छन् । ४५ वर्ष भयो सदस्य भएको । पार्टीले विशेष निर्णय गरेर राष्ट्रपति भएँ,' बिहीबार नयाँ कार्यालय पुगेकी विद्याले भनिन्, 'एमालेको कार्यकर्ता बनेर काम गर्न चाहन्छु र गर्छु । पार्टीले जिम्मेवारी देओस् या नदेओस् । काम गर्ने हो । पार्टीको विसंगतिविरुद्ध लड्ने हो ।'

भण्डारी ओलीविरुद्ध आक्रामकसमेत सुनिइन् । पछिल्लो दिन सरकारप्रति चौतर्फी आक्रोश सुनिन्छ । दलभित्र पनि ओलीको तानाशाही प्रवृत्ति मौलाएको नेताहरू नै आरोप लगाउँछन् । तर एमालेमा ओलीविरुद्ध बोल्ने नेताहरूमाथि कारबाहीको दण्ड चलाइन्छ । 'मैंले सबै कुरा नजिकबाट हेरिरहेकी छु ।

हामी आन्दोलनमा आउँदा एमाले जन्मिएको पनि थिएन,' विद्याले भनिन्, 'अहिले एमाले भनेको एउटा ब्रान्डजस्तो बनेको छ । खास नेपाल कम्युनिस्ट पार्टी हो । पूर्ण लोकतन्त्रको युगमा प्रवेश गरेको बेला राजनीतिक दलभित्र विसंगति विकृति फस्टाएको छ ।' राजनीनिक दलहरूका कारण युवाहरूमा निराश छाएको उल्लेख गर्दै भण्डारीले एमालेको हिँडाईमाथिसमेत प्रश्न उठाए । 'राजनीति भनेको जनताको समस्या समाधान गर्नु नै हो ।

राजनीतिक दलहरू राम्ररी चलेका छैनन् । समस्या कसरी समाधान गर्ने ? यसमा जानु पर्‍यो । युवाहरूमा निराश छाएको छ,' उनले भनिन् । मदन भण्डारीले प्रतिवाद गरेको जबजको सान्दर्भिकता अझै रहेको उल्लेख गर्दै उनले एमाले यस बाटोमा हिँडेको छ कि छैन भनी प्रश्न गरिन् ।

क्रमशः पृष्ठ २ मा

## तीन उपाध्यक्षको साथ



भण्डारीको सम्पर्क कार्यालय उद्घाटनमा एमालेका ३ जना उपाध्यक्षहरू सहभागी भए । कार्यक्रममा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष युवराज ज्ञवाली र सुरेन्द्र पाण्डे अतिथिका रूपमा सहभागी थिए । कार्यक्रममा वरिष्ठ उपाध्यक्ष पोखरेलले ओलीप्रति कटाक्ष गर्दै भने, 'कहिलेकाहीं विचारकै टोपी लाउनेहरूले विचारलाई क्षतविक्षत बनाइरहेका हुन्छन् । यो चिज बुझ्नुपर्ने आवश्यकता छ । त्यसकारणले टोपी लाएर प्रश्न बोल्नेहरू मात्रै विचारका संवाहक हुन्छन् भन्ने ठान्ने भूल गर्नु हुँदैन । यस्तो अवस्थामा विचारको रक्षा गर्नुपर्ने जरुरी छ ।'


गत असार १४ गते मदन भण्डारी फाउण्डेसनले आयोजना गरेको कार्यक्रममा ओलीले जबज भण्डारीले मात्रै प्रतिवादन गरेको सिद्धान्त नभएको जिकिर गरेका थिए । ज्ञवाली र पाण्डेले विद्यालाई सक्रिय राजनीतिमा आउने बाटो बन्द गर्न नहुने पक्षमा पार्टीभित्र मत राख्दै आएका छन् । साउन पहिलो साता बसेको एमाले केन्द्रीय कमिटी बैठकले विद्याको पार्टी सदस्यता निष्क्रिय बनाउने निर्णय गरेको थियो ।

**सन्दर्भः वैदेशिक रोजगार**

# दक्षिण कोरियामा विदेशी कामदारमाथि दुर्व्यवहार बढ्दो

## दुर्व्यवहार रोक्ने कोरियाली श्रममन्त्रीको प्रतिबद्धता

- सन् २०२० मा श्रमिकहरूले गरेका उजुरीको संख्या ६५ रहेकामा सन् २०२४ मा यस्ता उजुरी बढेर २२४ पुगेको तथ्यांक
- सन् २०२५ को मे महिनासम्म ११२ वटा उजुरी थपिएको प्रतिवेदनमा उल्लेख
- विदेशी श्रमिकमाथि हुने भेद्भाव, उत्पीडन र हिंसा रोक्ने कोरियाली श्रममन्त्री किम योङ हुनको प्रतिबद्धता
- कार्यस्थलमा हुने दुर्व्यवहार र आप्रवासी कामदारहरुमाथि हुने हिंसाविरूद्ध कोरियाली प्रहरीको १०० दिने अभियान जारी



एआईमार्फत तयार पारिएको तस्बिर

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियामा आप्रवासी कामदारमाथि कार्यस्थलमा हुने दुर्व्यवहारका घटना बढेको पाइएको छ । कोरियाको रोजगार तथा श्रम मन्त्रालयले सार्वजनिक गरेको तथ्यांकअनुसार आफूमाथि दुर्व्यवहार भएपछि सन् २०२० मा श्रमिकहरूले गरेको उजुरीको संख्या ६५ थियो । सन् २०२४ मा यस्ता उजुरी बढेर २२४ पुगेको तथ्यांकमा उल्लेख छ ।

यस वर्ष (सन् २०२५) को मे महिनासम्म ११२ वटा नयाँ उजुरी परेको तथ्यांकमा देखिन्छ । मन्त्रालयको रिपोर्टले यस वर्ष पर्ने उजुरीहरू हालसम्मकै सबैभन्दा बढी हुनसक्ने आँकलनसमेत गरेको छ ।

क्रमशः पृष्ठ २ मा

## साउदीको दमाममा घुम्ती शिविर सञ्चालन गर्दै नेपाली दूतावास

**काठमाडौं (प्रस)–** साउदी अरेबियास्थित नेपाली दूतावासले दमाम सहरमा घुम्ती शिविर सञ्चालन गर्ने भएको छ । आउँदो सेप्टेम्बर महिनाको ५ र ६ तारिखमा दमामको अल फैसलियास्थित अल असेम रेस्टहाउस फर फेस्टिबलमा शिविर सञ्चालन हुने दूतावासले सूचनामार्फत जानकारी दिएको छ ।

दूतावासका अनुसार दूतावास रहेको रियादबाट टाढा रहेका नेपाली श्रमिकहरूलाई उनीहरूको पायक पर्ने स्थानबाटै सेवा प्रवाह गर्न घुम्ती शिविर सञ्चालन गर्न लागिएको हो । शिविरमा राहदानी नवीकरण, वितरण, श्रमिक सचेतनालगायतका सेवा प्रवाह गरिने जानकारी दिइएको छ ।

उपरोक्त सेवाहरू लिन अनलाइन भरेको (प्रि-इन्रोलमेन्ट भएको) बारकोडयुक्त फाराम अनिवार्य हुनुपर्ने सूचनामा उल्लेख छ । दूतावासले अनिवार्य अनलाइन फाराम भरेर मात्रै शिविरमा आउन आग्रह गरेको छ । अनलाइन फाराम नभरेकाहरूलाई शिविरमा प्रवेश नै नदिइनेसमेत सूचनामा उल्लेख छ ।

दूतावासले अनलाइन फाराम भर्दा बिचौलियाको भर नपरी सकेसम्म आफैं भर्न आग्रह गरेको छ । बिचौलियाबाट आर्थिकरूपमा ठगिने घटनालाई मध्यनजर गर्दै दूतावासले श्रमिकहरूलाई सचेत गराएको हो । यदि आफैं भर्न नसक्ने वा आफन्त वा साथीको सहयोग लिएर भर्न नसक्ने अवस्थामा दूतावासका कर्मचारीहरूको सहयोग लिन पनि सूचनामा भनिएको छ ।




# पाँच वर्षमा पनि सञ्चालन भएनन् आधारभूत अस्पताल



**पर्वत (प्रस)**– एक पालिका एक अस्पताल अभियानअन्तर्गत विगत पाँच वर्षअघिदेखि जिल्लाका विभिन्न स्थानीय तहमा निर्माण थालिएका कुनै पनि आधारभूत अस्पताल हालसम्म सञ्चालनमा आउन सकेका छैनन् ।

ग्रामीण नागरिकलाई सर्वसुलभ स्वास्थ्य सुविधा उपलब्ध गराउने उद्देश्यले निर्माण थालिएका ती अस्पताल सञ्चालनमा ल्याउन नसकिएको हो । जिल्लाका सात स्थानीय तहमध्ये कुश्मा र जलजला गाउँपालिकामा भवन निर्माण सम्पन्न भए पनि सञ्चालन हुन सकेको छैन । अन्य स्थानीय तहमा अस्पताल निर्माण सम्पन्न भएको छैन ।

मोदी गाउँपालिका-५ स्थित बाजुङ पोखरेमा १५ शयचाको आधारभूत अस्पताल शिलान्यास गरिएको पाँच वर्ष बित्दासमेत जग्गा प्राप्तिको प्रक्रिया पूरा हुन सकेको छैन । वडा नं ५ का वडाध्यक्ष मानबहादुर अधिकारीले जनताको मागअनुसार गाउँपालिका आफैंले गत वर्ष भवन भाडामा लिई आधारभूत अस्पताल सञ्चालन गर्ने योजना बनाएको बताए ।

कुश्मा नगरपालिका-१२ ठूली पोखरीमा करिब पाँच करोड रूपैयाँमा १० शयचाको आधारभूत अस्पताल भवन गत वर्ष निर्माण भए पनि स्रोत साधनको अभावमा सञ्चालन गर्न नसकिएको सो वडाका वडाध्यक्ष झलक रिमालको गुनासो छ । जलजला गाउँपालिकाका सूचना अधिकारी भेषराज आचार्यका अनुसार वडा नं ३ मल्लाजमा करिब १० करोड रूपैयाँमा निर्माणाधीन आधार भूत अस्पतालको भवन निर्माण सम्पन्न भए पनि सञ्चालन गर्न सकिएको छैन ।

त्यसैगरीफलेवासनगरपालिका-६ देविस्थानमा अस्पताल निर्माणका लागि पाँच रोपनी बढी जग्गा व्यवस्था गरिएको थियो । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट एक करोड ७० लाख रूपैयाँ प्राप्त भई भवन निर्माण थाले पनि सम्पन्न भएको छैन ।

महाशिला गाउँपालिका-५ लुफुदेउरालीमा १५ शयचा बराबरको आधारभूत अस्पताल भवन निर्माण गर्न भनी ठेकेदारसँग १३ करोड ४१ लाख रूपैयाँमा बोलपत्र भई विसं २०७८ मा सम्झौता भएको थियो । गाउँपालिकाका सूचना अधिकारी नरबहादुर बरालका अनुसार भवन निर्माण करिब २० प्रतिशतमात्र भएको छ ।

पैयुँ गाउँपालिका-४ हुवासमा १० करोड रूपैयाँमा निर्माणाधीन १० शयचाको आधारभूत अस्पताल पटक-पटक म्याद थप गर्दा पनि निर्माण सम्पन्न हुन सकेको छैन । त्यसैगरी विहादी गाउँपालिकामा आधार भूत अस्पताल निर्माण हुन नसकेको प्रशासकीय अधिकृत यमनबहादुर रेग्मीले जानकारी दिए । संघीय सरकारको सहयोगमा यसअघि वडा नं २ बर्राचौरमा निर्माण थालिएको १० शयचाको बिहादी अस्पताल सात वर्षदेखि अलपत्र छ ।

## पृष्ठ १ बाट क्रमशः

### सरकार...

अहिले संसद्समेत निरीह भएको र आरोप लाग्दैमा निलम्बन गर्न थालिएकोप्रतिसमेत उनले चिन्ता जनाइन् । 'राज्यका संयन्त्र राम्ररी चलेको छैन । संसद पनि निरीह भए । सविधान संशोधन गर्ने भनेका छन् । कसलाई आरोप लाग्यो उसले बोल्न पाइँदैन । आरोप लाग्दैमा निलम्बन भइहाल्ने कुन व्यवस्था हो यो ?' सरकारको कार्यशैलीप्रति विद्याले प्रश्न उठाइन् । आरोप पुष्टि नभएसम्म निलम्बन गर्न नहुने विद्याको धारणा रह्यो । 'जनताका निर्वाचित प्रतिनिधि दोषी हो कि होइन ? निलम्बन गरिहाल्ने,' उनले भनिन् ।

संसदमा लामो छलफल चल्दा पनि कानुन बन्न सकिरहेको छैन । जसका कारण जमिन वितरणदेखि घरजग्गा व्यवसाय ठप्प छ । यसको मुख्य दोषी सत्तामा बसेका नेपाली कांग्रेस र एमाले भएको उनले इंगित गरिन् । 'देशका प्रमुख पार्टीहरू के हेरेर बसिरहेका छन् । म एउटा पार्टीको संस्थापक पनि हो । मूल्य र मान्यता अनुसार नै जानुपर्छ । आज किन सांसद निरिह भएका छन् । किन एउटा कानुन बनाउन सक्दैन । एउटा वडा अध्यक्ष उठाउन पनि नेताको आदेश कुर्नुपर्छ,' विद्याले प्रश्न गरिन् । देशको अर्थतन्त्र संकटोन्मुख रहेको छ । उद्योग चलेका छैनन् । यस्तो अवस्थामा खुट्टाले टेक्नुपर्ने देश टाउकाले टेकेर हिँडिरहेको उनको भनाई थियो ।

■■■

### संसदमा...

आवश्यक कूटनीतिक पहल अघि बढाएर नेपालको सार्वभौमिकता एवं हितको पक्षमा दुवै छिमेकी मित्र राष्ट्रहरूसँग आवश्यक प्रभावकारी कूटनीतिक राजनीतिक पहल अघि बढाउन प्रमुख विपक्षी दलको तर्फबाट उनले सरकारसँग अपिल गरे । बिहीबारको प्रतिनिधि सभा बैठकमा राप्रपा प्रमुख सचेतक ज्ञानेन्द्र शाहीले सीमा विवाद सधैंका लागि समाधान गर्न राष्ट्रिय सहमतिको वातावरण बनाउनुपर्नेमा जोड दिए ।

'हाम्रो देशको स्वतन्त्रता, स्वाधीनता र सार्वभौमिकतामाथि काहिँ कतैबाट आघात पुग्ने काम कतैबाट हुन्छ भने त्यसको प्रतिवाद गर्छौं र सशक्त विरोध गर्छौं तर यो विवाद सँधैका लागि टुंग्याउनुपर्छ ।'

भारतीयविदेशमन्त्री एस जयशंकर र चिनियाँ विदेशमन्त्री वाङ यीबीच यही मंगलबार लिपुलेक पास प्रयोग गर्ने सहमति भएको थियो, जुन सार्वजनिक भइसकेको छ ।

नेपालले बुधबार विज्ञप्ति जारी गर्दै लिपुलेक नेपालको अभिन्न भूमि भएको प्रष्ट पारेको छ । भारतले भने नेपालको दाबी नपुग्ने दाबी गरेको छ । तर, चीनले चाहिँ बिहीबार यथास्थितिमा केही पनि परिवर्तन गर्न नसक्ने जनाएको छ ।

■■■

### दक्षिण कोरियामा...

श्रममन्त्री किम योङ हुनले विदेशी श्रमिकमाथि हुने भेद्भाव, उत्पीडन र हिंसा रोक्ने प्रतिबद्धता जनाएपछि रिपोर्ट भएको संख्या सार्वजनिक गरिएको जानकारी दिइएको छ । पछिल्लो समय आप्रवासी श्रमिकमाथि गरिएका दुर्व्यवहारका घटना सार्वजनिक हुन थालेपछि मन्त्री हुनले विदेशी श्रमिकको अधिकार र भेद्भावरहीत वातावरणमा काम गर्न सक्ने विषयको सुनिश्चित गर्ने कुरा आफूहरूले पालना गर्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण विषय भएको बारम्बार बताउँदै आएका छन् । हालै सार्वजनिक भएको श्रीलंकाली कामदारको भिडियोले दक्षिण कोरियामा आप्रवासी कामदारमाथि गरिने व्यवहारलाई लिएर बहस सुरु गराएको थियो । उक्त घटना सम्झौतामा टुंगिए पनि श्रमिकमाथिको दुर्व्यवहारका घटनाहरू सतहमा आउन थालेका छन् ।

सरोकारवालाहरूले आप्रवासी कामदारमाथि हुँदै आएका दुर्व्यवहारका घटनाहरू रोक्न सरकारलाई रोजगार अनुमति प्रणाली (इपिएस)लाई परिमार्जन गर्न आग्रह गरेका छन् । इपिएस प्रणालीमार्फत कोरियाली रोजगारदाताहरूले एसियाली मुलुकहरूबाट अदक्ष श्रमिक लग्दै आएका छन् । यो प्रणालीअन्तर्गत आप्रवासी कामदारहरू एक जना रोजगारदातासँग मात्र काम गर्न बाध्य छन् । उनीहरूलाई काम परिवर्तन गर्न अनुमति दिइएको छैन ।

हालको प्रणालीले रोजगारदातालाई अत्यधिक नियन्त्रण गर्ने अधिकार दिने र श्रमिकहरूका आधारभूत अधिकार खोस्ने मानवअधिकारवादी संस्थाहरूको दाबी छ । उनीहरूलाई भयरहीत अवस्थामा रोजगारदाता छोड्न वा छनोट गर्ने अधिकार प्रदान गर्न यसको पुनर्संरचना आवश्यक भएको उनीहरूले औंल्याउँदै आएका छन् ।

सन् २०१४ मै आप्रवासी कृषि श्रमिकहरूको शोषणमा परेको भन्दै एम्नेस्टी इन्टरनेसनलले इपिएसको परिमार्जनका लागि आह्वान गरेको बताइन्छ । हाल कोरियाली सरकारले आप्रवासी कामदारहरूलाई काम परिवर्तन गर्न थप स्वतन्त्रता दिने सुधारहरू ल्याउने योजना बनाएको बताइएको छ । कोरियाली प्रहरीले कार्यस्थलमा हुने दुर्व्यवहार र आप्रवासी कामदारहरूमाथि हुने हिंसाविरुद्ध १०० दिनको अभियान सुरु गरिसकेको छ ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०५।०६**

यस कम्पनीको मिति २०८२/०४/०४को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **ई.सेन्टर डट कम** (दर्ता नं. २४१३४०) को नाममा रहेको चल -अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **नौका ट्रेडिङ कम्पनी प्रा.लि**. ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

## नाम परिवर्तन सम्बन्धि सूचना

**तेस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०५/०६**

कम्पनी ऐन, २०६३ बमोजिम मिती २०८०/०५/१९ मा स्थापना भएको कम्पनी दर्ता नं. ३१८८०२/०८०/०८१ को प्राइभेट लिमिटेड कम्पनी **साबिक छिना कन्स्ट्रक्सन प्राइभेट लिमिटेड कम्पनी** कम्पनीको नाम परिवर्तन भई अब उपरान्त **अर्थओर्क डिजाइन एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिमटेड** कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भएकाले विगतमा साविक नामबाट भए गरेका र अब उप्रान्त हुने सम्पूर्ण काम कारवाही ऋण धन तथा कर दायित्व नयाँ परिवर्तित नामबाट भए गरेको तथा हुने हुँदा सम्बन्धित सबैमा जानकारिको लागि यो सूचना प्रकाशित गरिएका छ।

**अर्थओर्क डिजाइन एण्ड कन्स्ट्रक्सन प्राइभेट लिमिमटेड**
(साबिक छिना कन्स्ट्रक्सन प्राइभेट लिमिटेड)
गोदावरी न.पा.-१४, ललितपुर

## भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**कञ्चनपुर**

**सुदूरपश्चिम प्रदेश, नेपाल**

## आन्तरिक आयको ठेक्का सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०८२/०५/०६**

भीमदत्र् नगरपालिकाको देहाय वमोजिमका आन्तरिक आयका बहु-बर्षिय ठेक्का बोलपत्रका माध्यमबाट गराउनुपर्ने भएको हुँदा देहाय बमोजिमको ठेक्काको लागी मिति २०८२/०५/०६ का दिन सबै योग्य बोलपत्रदाताहरूको लागी सार्बजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय पोर्टल www.bolpatra.com/eGP-II मार्फत बोलपत्र आह्वानको सूचना गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम मिति २०८२/०५/२१ गते दिनको १२ बजे सम्म र बोलपत्र खोल्ने मिति २०८२/५/२१ गते दिनको १ बजे कायम गरिएको छ । बोलपत्र पेश अनिवार्य रूपमा विद्युतीय माध्यमबाट मात्र गर्नु पर्नेछ ।

**देहाय**

| आन्तरिक आय ठेक्का नं. | आन्तरिक आय ठेक्काको नाम | आ.ब. २०८२/०८३ को न्युनतम बोलपत्र कबोल अंक (भ्याट बाहेक) | कैफियत |
|---|---|---|---|
| २/आ.आ./२०८२/०८३ | नगर क्षेत्रमा पटके व्यवसाय कर संकलन | रू ३३,२७,५००।०० | आ.व. २०८३/०८४ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८२/०८३ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । आ.व. २०८४/०८५ का लागी ठेक्का सम्झौता रकम आ.व. २०८३/०८४ को कबोल अंकमा १०% थप जोडी हुन आउने रकम कायम गरिनेछ । |

## कम्पनीको नाम परिवर्तन सम्बन्धि सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।०५।०६**

यस कम्पनीको मिति २०८२।०४।२६ को साधारण सभा/ विशेष साधारण सभाको निर्णय बमोजिम साविकको नाम **नोबेल डेन्टल केयर** (दर्ता नं. ३०८८९३) को नाममा रहेको चल -अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने ऋण दायित्व परिवर्तित कम्पनी **श्री डेन्टल केयर प्रा.लि**. ले सकार्ने गरी कम्पनीको नाम परिवर्तन गरिएको व्यहोरा यसै सूचनाद्धारा जानकारी गराउँछौ ।

## हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको
## विशेष साधारण सभा बस्ने सूचना

यस हुलास स्टील ईण्डष्ट्रिज लिमिटेडको मिति २०८२/०४/२९ (तदनुसार १४ अगस्ट २०२५) गते संचालक समितिले गरेको निर्णय अनुसार यस कम्पनीको विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुनाले शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**विशेष साधारण सभा हुने मिति, समय र स्थानः**
मिति : २०८२ भाद्र २२ गते आइतबार (तदनुसार ७ सेप्टेम्बर २०२५)
समय : दिउँसो १२:३० बजे ।
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, गणबहाल, काठमाडौं ।

**विशेष प्रस्तावहरु :**
१. यस कम्पनीको नियमावलीको दफा ८ को उपदफा ८.६ तथा दफा ११ संशोधन गर्ने ।
२. विविध ।

**नोट :** विशेष साधारण सभा प्रयोजनका लागि कम्पनीको शेयर दर्ता पुस्तिका मिति २०८२ भाद्र १५ गते एक दिनका लागि बन्द गरिनेछ ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२**
Email: dhruvswamig@gmail.com

शुक्रबार, ०६ भदौ, २०८२

| | |
|---|---|
| **मेष** | व्यापार बढ्नाले राम्रै आम्दानि हुनेछ । |
| **वृष** | अप्ठ्यारा परिस्थितिलाई सामना गर्नु पर्नेछ । |
| **मिथुन** | रमाइलो यात्रा, मनोरञ्जन प्राप्त हुनेछ । |
| **कर्कट** | साताको प्रारम्भ उत्साहजनक हुनेछ । |
| **सिंह** | महगा सामानतर्फ ध्यान जानेछ । |
| **कन्या** | खानपान र पहिरनमा खर्च हुनेछ । |
| **तुला** | खर्च बढ्नाले अभाव देखिन सक्छ । |
| **वृश्चिक** | काम बन्नाले जोस जाँगर बढ्नेछ । |
| **धनु** | मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ । |
| **मकर** | रोकिएका कम बन्ने नयाँ योजना । |
| **कुम्भ** | हडबडीले कमहरु बिग्रन सक्नेछन् । |
| **मीन** | नोकरीमा पद प्राप्ति हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०६ भदौ , २०८२ (२२ अगस्ट, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३८.८३ | १३९.४३ |
| युरो | १ को | १६२.१९ | १६२.८९ |
| पाउन्ड स्टिर्लङ | १ को | १८७.६७ | १८८.४८ |
| स्विस फ्रैन्क | १ को | १७२.३५ | १७३.१० |
| अस्ट्रेलियन डलर | १ को | ९०.०९ | ९०.४८ |
| क्यानाडियन डलर | १ को | १००.५२ | १००.९६ |
| सिङ्गापुर डलर | १ को | १०८.२० | १०८.६७ |
| जापानी येन | १० को | ९.३९ | ९.४३ |
| चिनियाँ युआन | १ को | १९.३४ | १९.४२ |
| साउदी अरब रियाल | १ को | ३७.०० | ३७.१६ |
| कतारी रियाल | १ को | ३८.०९ | ३८.२६ |
| थाई भाट | ख १ को | ४.२७ | ४.२९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.८० | ३७.९६ |
| मलेसियन रिङेट | १ को | ३२.८७ | ३३.०१ |
| दक्षिण कोरियन वन | १०० को | ९.९९ | १०.०४ |
| स्विडिस क्रोनर | १ को | १४.५५ | १४.६१ |
| डेनिस क्रोनर | १ को | २१.७३ | २१.८२ |
| हङकङ डलर | १ को | १७.७९ | १७.८७ |
| कुवेती दिनार | १ को | ४५४.२४ | ४५६.२१ |
| बहराइन दिनार | १ को | ३६८.२५ | ३६९.८४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# आदिवासीको सवाल सम्बोधन गर्न माग



**काठमाडौं–** नेपाल आदिवासी जनजाति महासंघसहित ३९ वटा विभिन्न संघसंस्थाले जैविक विविधता रणनीतिक कार्ययोजनामा संविधान र आदिवासीसँग सम्बन्धित नेपाल पक्ष राज्य भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौता र कानुनलाई समेट्न माग गरेका छन् । वन तथा वातावरण मन्त्रालयले जैविक विविधता रणनीति र कार्ययोजना बनाउने कार्य अघि बढाइरहेको बेला महासंघसहितका संघसंस्थाले वन तथा वातावरण मन्त्री ऐनबहादुर शाहीलाई विहीबार ज्ञापनपत्र बुझाउँदै उक्त माग गरेका हुन् ।

सन् २०२२ को कुन्मिङ मन्ट्रीयल फ्रेमवर्कलाई कार्यान्वयन गर्न मन्त्रालयले उक्त कार्ययोजना तयार गरिरहेको छ । फ्रेमवर्कले आदिवासीकै नियन्त्रण र व्यवस्थापन रहने आदिवासी परम्परागत क्षेत्रको अवधारणालाई समेटेको छ । मन्त्रालयका अनुसार कार्ययोजना तयार गर्दा जैविक विविधता महासन्धि १९९२, यसका विभिन्न प्रोटोकल र पक्ष राज्यले निर्धारण गरेका कार्यान्वयन रूपरेखालाई पनि ध्यान दिइएको छ । यस अवस्थामा नेपालको संविधान र आदिवासीसँग सम्बन्धित नेपाल पक्ष राज्य भएका विभिन्न अन्तर ाष्ट्रिय सन्धि सम्झौतालाई र कानुनलाई समेट्न माग गरिएको नेपाल आदिवासी जनजाति महासंघका केन्द्रीय कोषाध्यक्ष विमल सारुले बताए । किरात राई योयोक्खाका अध्यक्ष जीवन हाताचो राईको नेतृत्वमा बुझाइएको ज्ञापनपत्र बुझाएका थिए ।

रणनीतिक कार्ययोजनाका लागि महासंघले गठन गरेको विज्ञ टोलीका सदस्य नन्द कन्दङ्वालेका अनुसार ज्ञापनपत्रमा आदिवासी जनजातिको भूमि, जल, जंगलसँगको सम्बन्धमा नेपालको संविधान र अन्तर ाष्ट्रिय कानुनलाई आधार बनाएर समेट्नुपर्ने बुँदाहरू तयार गरिएको छ । मन्त्री शाहीले अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई ख्याल गरी कार्ययोजना बनाउने प्रतिबद्धता व्यक्त गर्दै कानुन निर्माणमा आदिवासी जनजातिको सहभागिता सुनिश्चित गरिने बताए । ज्ञापनपत्रमा उल्लेख सुझावलाई गम्भीर रूपमा अध्ययन गरिने शाहीको भनाई थियो ।

## कारागार घटनाबारे छानबिन समितिको निष्कर्ष

# विशेषज्ञसहितको उच्चस्तरीय समिति आवश्यक

**सुदूरपश्चिम (प्रस)–** कैलाली कारागारमा भएको झडप घटना छानबिन गर्न गठित समितिले कारागारको आन्तरिक प्रशासनकाबीच मतभेद सिर्जना भई झडप भएको प्रतिवेदन तयार पारेको छ ।

उक्त घटनाको छानबिन गर्न गठित समितिका संयोजक सहायक प्रमुख जिल्ला अधिकारी किरण जोशीले कारागारको आन्तरिक प्रशासनमा मतभेद सिर्जना भई घटना भएको देखिएको बताए । उनले भने, 'घटनास्थलको अध्ययन गरी घाइते कैदीबन्दी, कारागारको वस्तुस्थिति, सुरक्षाका लागि खटिएका सुरक्षाकर्मी, प्रशासकसँग कुराकानी गर्यौं, बन्दीगृहभित्र रहेको 'ए ब्लक' र 'बी ब्लक' बीचको आन्तरिक प्रशासनबीच मतभेद सिर्जना भएको देखिन्छ ।'

घटनाको थप तथ्य बाहिर ल्याउन विशेषज्ञसहितको उच्चस्तरीय छानबिनको आवश्यकता देखिएको जोशीको भनाइ छ । उनले भने, 'घटनास्थलको अध्ययनका क्रममा 'सिसिटिभी फुटेज' स्पष्ट देखिएन, घाइतेले भनेबमोजिमका व्यक्तिले घटनामा संलग्नता अस्वीकार गरेको र उनीहरूसँगको कुराकानीका आधारलेमात्रै पुष्टि हुने आधार नदेखिएकाले विशेषज्ञसहितको उच्चस्तरीय समिति आवश्यक देखिएको छ ।'

समितिलाई १० दिनको समय दिइएकामा अध्ययन प्रतिवेदन प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाएको छ । गत साउन २३ गते कारागारमा कैदीबन्दीबीच झडप हुँदा एक जनाको मृत्यु भएको थियो भने ४९ कैदीबन्दी घाइते भएका थिए । गम्भीर घाइते तीन जनाको काठमाडौंमा अझै उपचार भइरहेको छ ।

सेती प्रादेशिक अस्पताल धनगढीमा उपचार गराइरहेकामध्ये ४१ जना 'डिस्चार्ज' भइसकेका छन् । उनीहरूमध्ये तीन जनालाई कञ्चनपुर कारागार र एक जनालाई नवलपरासी कारागारमा स्थानान्तरण गरिएको छ । अस्पतालले डिस्चार्ज भने पनि धेरै कैदीबन्दी अस्पतालमा नै बसिरहेका छन् । उनीहरूले इच्छाएको कारागारमा स्थानान्तरण गरेर व्यवस्थापन गर्ने काम भइरहेको जनाइएको छ । घटनापछि सरकारले कैलालीका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमाललाई फिर्ता बोलाएर कृष्णप्रसाद लम्सालललाई खटाएको छ । यसैगरी, कारागार शाखा प्रमुखमा पनि नयाँ व्यक्ति खटाइएको छ । १५० जना अटाउने कैलाली कारागारमा हाल ६९७ कैदीबन्दी रहेका छन् ।

---

## प्रमाण पत्र हराएको सूचना !

मिति २०८२ असार २ गते बाफल चोकदेखि बल्खु जाने क्रममा मेरो निम्न व्यहोरा भएको प्रमाण पत्रहरू साथै सक्कली माइग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनु हुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुनु अनुरोध गर्दछु ।

**तपसिल**

**नाम** : Nawaraj Bishwakarma
**कलेज नाम** : Kathmandu Shiksha Campus
**ठेगाना** : Tinthana, Kathmandu
**रजिष्ट्रेशन नं.**772726048
**सिम्बोल नं.** 22706730
**Migration Serial No.**: 199534
**फोन नं.** : 9803382450

---

## कतारमा रोजगार

**कम्पनी** : RARA FOR TRADING AND ELECTRICAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329836 | चलानी नं. ६०२४३६०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Electrician Installation | 2 | 0 | 1200 | ४५,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Dry Clean Worker | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 3 | Electric Tech/plumber | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 4 | Electrician (Maintenance) | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 5 | General Electrician /plumber | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 6 | Mason For Plaster Work | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 7 | Mason For Tile / Marble | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 8 | Pipefitter | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 9 | Plumbing Technician (Plumber) | 2 | 0 | 1200 | ४५,९७५ | | | | | | | |
| 10 | Steel Fitters (Building Works) | 2 | 0 | 1000 | ३८,३१३ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RED SUN EMPLOYMENT SERVICE PVT.LTD.** (Red Sun Solutions Pvt.ltd)
Govt. License 1274/074/75
Chabahil-7, Chuchepati, Kathmandu, BAGMATI, Tel : +977-01-5210104, 9801097930
Email: inforedsun2017@gmail.com, Web: www.redsunemployment.com.np

---

## कतारमा रोजगार

**कम्पनी** : UM HEESH INTERNATIONAL CO. | **शहर** : Qatar

पूर्व स्वीकृत मिति: २०८२/०५/०५ | चलानी नं.: ६०२४३५८३ | LT.No.: 327180

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव QR | मासिक तलव ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ceramic Worker | 20 | 0 | स. काममा दक्ष | 1200 | ४५,७६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १३ गते (29 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Saudi Arabia Govt. L/C No.: 101
Govt.L/C No.: 1769/081/082

**PRO INTERNATIONAL MANPOWER PVT. LTD.**
Battisputali Gaushala, Kathmadu | Contact No.: 014533296, 014533297
986-2923570, 9823935414, 9863471212 | Gmail: prointernational60gmail.com
Website: prointernationalmanpower.com.np

---

## कुवेतमा रोजगार

**कम्पनी** : PRIMO CLEAN CO FOR GENERAL CLEANING CONTRACTING OF BUILDING, CITIES & ROADS

पूर्व स्वीकृत मिति: २०८२/०५/०४ | चलानी नं.: ६०२४३५४७ | LT.No.: 329690 | शहर : Kuwait

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaning Labour-Indoor | 0 | 8 | स. काममा दक्ष | 110 | ५०,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी** : POP TOP RESTAURANT COMPANY | **शहर** : Kuwait

पूर्व स्वीकृत मिति: २०८२/०५/०२ | चलानी नं.: ६०२४३५४८ | LT.No.: 329518

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT COOK | 8 | 0 | स. काममा दक्ष | 130 | ५९,१२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ भदौ १३ गते (29 August 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि: शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइ को जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MAHA INTERNATIONAL HR SOLUTION PVT. LTD.**
Gov. Lic No. 1746 /081/82
Airport Kalimatidol, Kathmandu | Tel: +977 01 5923308
Mob.: 9813768590,9802390077 | Email: mahainfo59@gmail.com

---

## साउदीमा रोजगार

**कम्पनी** : ENAYA RECRUITMENT CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329777 | चलानी नं. ६०२४३५९८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Shattering Carpenter | 50 | 0 | 1200 | ४४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer/rod Binder | 50 | 0 | 1200 | ४४,४६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान:-**
- धनुषा, मुस्कान ट्रेनिङ सेन्टर, जनकपुरमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ । ९८४४२४०४८५/९८०४८९८३४०
- सिराहा, सिराहा, सल्हेश ट्रेनिङ सेन्टरमा मिति: २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ । ९८४२८५६०७३
- ललितपुर, पिस टेक्निकल ट्रेनिङ सेन्टरमा मिति: २०८२ भदौ १७ र १८ गते (2 & 3 Sep. 2025) मा हुनेछ । ९७७ १५२००८४३
- रूपन्देही, बुट्वल ट्रेनिङ सेन्टर, बुट्वलमा मिति: २०८२ भदौ १९ गते (4th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SYNNET INTERNATIONAL PVT.LTD.**
Jagaran Marga, Maharajgunj, Kathmandu, Nepal, Tel: 01- 5445018, Mob: 9841591817
E-mail : info@synnetinternational.com, Web: synnetinternational.com
ISO 9001: 2008 Certified Company | Certified No. 70902

---

## कुवेत/बहराइनमा रोजगार

**कम्पनी** : PINKIN LADIES BEAUTY SALON CO.

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329728 | चलानी नं. ६०२४३५९३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/ Manicure Pedicure | 0 | 2 | 150 | ६८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**कम्पनी** : MATSKI BEAUTY LOUNGE AND SPA W.L.L

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329343 | चलानी नं. ६०२४३५९४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 0 | 1 | 130 | ४८,०९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Spa (Massage Therapist) | 0 | 1 | 180 | ६६,५९० | | | | | | | |
| 3 | Beautician | 0 | 1 | 180 | ६६,५९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**HR NEPAL SERVICES PVT. LTD.**
Old Baneshwor, Kathmandu, Nepal., Tel: +977-01- 5921536
Mob: 9802343008, Email: hrnepalservices@gmail.com
श्रम ईजाजत नं. १५४८/०७८/०७९

---

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **PALIV INTERNATIONAL PVT. LTD.** इजाजत नम्बर ११६४/०७३/०७४ मा कार्यरत निम्न कर्मचारी हाल यस कार्यालयबाट राजीनामा दिई कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । निजसँग यस प्रा.लि.को नाममा बैदेशिक रोजगार सम्बन्धी कुनै पनि काम नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ (सात) दिनभित्र यस प्रा.लि. मा वा बैदेशिक रोजगार कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम थर | नागरिकता नं. | पद | ठेगाना |
|---|---|---|---|---|
| १. | जुना गुरुङ्ग | ४५-०१-७८-०५४७८ | डकुमेन्टेसन अफिसर | लमजुङ्ग |
| २. | रिजन लामा | ३५-०१-७६-१४३२० | फ्लाइट ईन्चार्ज | चितवन |
| ३. | पेमा याङ्जी शेर्पा | ११-०१-७८-००९९३ | डकुमेन्टेसन | सोलुखुम्बु |
| ४. | पासाङ्ग फुटी शेर्पा | ११-०१-७५-००५१० | एकाउन्टेन्ट | सोलुखुम्बु |
| ५. | ईश्वरी पहारी | १५००४ | पि.आर.ओ | भक्तपुर |
| ६. | ल्हामु शेर्पा | २१-०२-७८-००१६५ | डकुमेन्टेसन | रामेछाप |
| ७. | राम प्रसाद बन्जाडे | ९२७५७ | मेनेजर | पाल्पा |
| ८. | नीता अधिकारी | १००७/२२४५ | पि.आर.ओ | झापा |
| ९. | बिनिता राई | ०९-०२-७७-००६३५ | रिसेप्सनिष्ट | भोजपुर |
| १०. | थुक्तेन शेर्पा | ११-०१-७६-००८५५ | सहायक एकाउन्टेन्ट | सोलुखुम्बु |
| ११. | प्रमिला भुजेल | १२१०३५-१० | डकुमेन्टेसन | खोटाङ्ग |
| १२. | प्रजिना गुरुङ्ग | ३५-०१-७८-०९५३७ | सहायक डकुमेन्टेसन | चितवन |
| १३. | फुटी शेर्पा | ०१-०१-७४-०२५२७ | रिसेप्सनिष्ट | ताप्लेजुङ्ग |

**नोटः सम्बन्धित काममा दक्ष अनुभवीले यस प्रा.लि. मा सम्पर्क गर्नुहोला ।**

**Paliv International Pvt. Ltd.**
Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal, Tel : +977-1-4518268, 4518716, 5911470
Mobile: 9801070598, E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com
श्रम ईजाजत नं. ११६४/०७३/०७४

---

## होस्टल व्यवसायी संघ, नेपाल

**काठमाडौ जिलला कार्यसमिति, फोन नं. ५(२१६१५**

### साधारणसभा सम्बन्धी सूचना

**सूचना प्रकाशित मितिः २०८२/०५/०६**

होस्टल व्यवसायी संघ नेपाल, काठमाडौं जिल्ला कार्यसमितिको तेस्रो साधारणसभा तथा विशेष अधिवेशन निम्न मिति, समय र स्थानमा गरिने हुँदा सम्पूर्ण होस्टल व्यवसायी संघमा आवद्ध सदस्यज्यूहरूमा जानकारी गराउँदै उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ।

**मितिः २०८२/०५/२१**
**समयः मध्यान्ह १२:०० बजेपछि**
**स्थानः ए वान पाटी प्यालेस, शंखमुल, काठमाडौं**

**सचिव**
काठमाडौं जिल्ला कार्य समिति

---

## शेयर तथा वचत दावी गर्न आउने ३५ दिने सूचना

***प्रकाशित मिति : २०८२/०५/०६ गते***

यस **हाम्रो आत्मनिर्भर वचत तथा ऋण सहकारी सस्था लि.**को सदस्य महानुभावहरूले यस संस्थाको शेयर प्रमाणपत्र र वचतको सन्र्दभमा वचत गरेको प्रमाण खुल्ने कागजात लिई सस्थाको कार्यालय पुतली सडक-२९ काठमाडौंमा कार्यालय समयभित्र सम्पर्क गर्नुहुन यो **३५ दिने सूचना** प्रकाशित गरिएको छ । दिइएको समयभित्र सम्पर्कमा नआउने सदस्यहरूको कुनै पनि दायित्वको जिम्मेवारी संस्था नहुने व्यहोरा समेत यस सुचनाद्वारा जानकारी गराइन्छ ।

**हाम्रो आत्मनिर्भर वचत तथा ऋण सहकारी सस्था लि.**
**Hamro Aatmanirvar Saving & Credit Co-operative Ltd.**
**पुतली सडक-२९ काठमाडौं**

---

## Hanatour Services Nepal Private Limited

**Lalitpur, Nepal**

### Job Vacancy Announcement

Hanatour Services Nepal Pvt. Ltd., which operates the Korean Visa Application Center (KVAC), is seeking an experienced and dynamic **General Manager** to lead its operations, ensure service excellence, and maintain the highest standards in visa processing.

**Level**: Senior Level
**Required number**: One (1)

**Key Responsibilities:**
- Oversee the daily operations of the Korean Visa Application Center, ensuring efficient and accurate processing of visa applications.
- Lead, mentor, and manage administrative, operational, and customer service teams to achieve organizational goal.
- Ensure full compliance with Nepali and Korean laws, consular guidelines, and operational protocols.
- Act as the primary liaison between the Embassy of the Republic of Korea, Nepal's Ministry of Foreign Affairs, and any other diplomatic and governmental entities.
- Implement and monitor customer service standards to ensure prompt, courteous, and professional assistance to all applicants
- Prepare and submit periodic operational reports, maintaining accurate and up-to-date documentation.
- Foster and manage relationships with international organizations, stakeholders, and partners to ensure smooth operations.

**Key Qualifications:**
- ***Education:*** Master's degree in Business Administration, International Relations, Diplomatic Studies, or a related field from a reputed university.
- ***Language Fluency:*** Native level fluency in Korean and proficiency in English are mandatory.

**Experience:**
- Minimum of 7 years' experience in visa services, preferably within consular or embassy settings.
- Proven leadership and managerial experience, including managing diverse teams and cross-cultural environments.
- Direct experience in consular services or with Korean diplomatic missions.
- In-depth knowledge of Korean visa categories, required documentation, and application procedures.
- Familiarity with Korean diplomatic protocols and international relations.
- Experience working with governmental or international organizations in visa-related or diplomatic operations.
- Proficiency in using software applications.

**Skills:**
- Strong leadership and managerial skills with the ability to handle diverse teams.
- Excellent communication and interpersonal skills.
- Strong organizational skills, attention to detail, and the ability to manage multiple tasks efficiently.
- Ability to work under pressure and meet deadlines while maintaining a high level of accuracy.
- Understanding of foreign investment laws, work permits, and visa regulations in Nepal.

**Benefits:**
- Competitive salary package.
- Health and wellness benefits.
- Professional development and training opportunities.

**To Apply**
Interested and qualified candidates may send an updated resume cover letter, detailing their qualifications, along with a passport-sized digital photograph, to machamasirukesh@gmail.com by the 6th of September 2025.

**Note:** ***Only shortlisted candidates will be invited for interviews.***

---

## अर्घाखाँची जिल्ला अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षणको लागि सार्वजनिक सुनुवाई सम्बन्धी सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०५/०६**

नेपाल सरकारको वातावरण संरक्षण नियमावली, २०७७ को नियम ६ बमोजिम निम्न प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयार गर्ने क्रममा सो क्षेत्रको स्थानीय तथा प्रस्तावसँग सरोकार राख्ने सरोकारवालाहरूसँग अन्तरक्रिया गर्न सार्वजनिक सुनुवाई गर्नुपर्ने प्राबधान बमोजिम निम्नलिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाई कार्यक्रम हुने भएकाले तपसिलमा उल्लेख भए बमोजिमका सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरूलाई उक्त कार्यक्रममा उपस्थित भई आफ्नो अमुल्य राय तथा सुझावहरु दिनुहुन अनुरोध गर्दछौं ।

| प्रस्तावको नाम | सार्वजनिक सुनुवाई हुने मिति, समय र स्थान |
|---|---|
| अर्घाखाँची जिल्ला अस्पताल | २०८२/०५/१३ गते दिनको १ बजे सन्धिखर्क नगरपालिका वडा नं १ स्थित अर्घाखाँची जिल्ला अस्पताल परिसर |

**सम्पर्क**

| प्रस्तावक | परामर्शदाता |
|---|---|
| **नामः** शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वयन इकाई<br>**ठेगानाः** भैरहवा, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल<br>**ईमेलः** fpiu.rupandehi@gmail.com | **नामः** क्लोभरलिफ इन्जिनियिङ्ग प्रा. लि.<br>**ठेगानाः** हरिहरभवन, ललितपुर, बागमती प्रदेश<br>**सम्पर्क नं.**: ९८५११८२४७२ |

---

**मुक्तिनाथ एग्रो मेशिनरी कम्पनी लि.**
**MUKTINATH AGRO MACHINERY COMPANY LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
Basundhara Ringroad, Kathmandu
agromachinery@muktinathkrishi.com
+977-01-4950097 / 9802350125/ 9802323228

## INVITATION FOR SEALED BIDS

**Notice Published Date: 2082.05.06**

**MUKTINATH AGRO MACHINERY COMPANY LTD**, having its Central office at Royal Complex, Basundhara, Kathmandu (The Company) invite sealed bid of from eligible registered Firms/Companies/ Contractors/Suppliers for **CONSTRUCTION DEVELOPMENT WORKS** of **MUKTINATH METAL WORKSHOP** as follows.

| | |
|---|---|
| A. | Location for Construction & Development: Tokha Municipality, Kathmandu, Nepal |
| B. | Terms & Conditions |
| 1. | The work to be executed comprise mainly Civil Works, Metal Works, Electrification Works, Sanitary/GGI Works, and Fencing Works etc. applicable as per the company requirements. |
| 2. | The bidding document may be purchased from the Procurement Department, Basundhara, Royal Plaza 3rd floor on the submission of a written application by bidders, along with the copy of company/firm registration certificate, and upon deposit of Bid Purchase Fee (non - refundable) of NRs. 3,000.00 (Nepalese Rupees Three Thousand Only) on Muktinath Bikas Bank Ltd A/c no 1361020104900900001 (Muktinath Agro Machinery Company Ltd) for each. |
| 3. | Entire original bidding documents and certificates should be endorsed (affixed stamp and signature) in all pages. |
| 4. | Experience Letter of construction work carried out in at least 3 Construction Development of Nepal. |
| 5. | Powers of Attorney in favor of the person(s) signing the bid that such person(s) is/are authorized to sign the bid on behalf of the bidder and consequences resulting due to such signings shall be submitted with a bidding document. |
| 6. | Bidders should submit NRs. 150,000.00 (Nepalese Rupees One Hundred Fifty Thousand Only) or 5%of bid amount whichever is higher either through cash deposit on Muktinath Bikas Bank Ltd A/c no. 1361020104900900001 (Muktinath Agro Machinery Company Ltd) or Bid Bond for each, which is valid up to 30 days beyond the last date of bid submission. |
| 7. | Bidding document must be submitted within 4:00 PM of Bhadra 23, 2082 at Company's Central Office Basundhara, Royal Complex 3rd floor, Kathmandu. Bids received after these deadlines will be rejected. If there is any public holiday on the last date of submission, it can be submitted on the next working day. |
| 8. | Bidding documents will be opened in presence of Bank & Bidder's representative on Bhadra 24, 2082, 03:00 PM at Central Office, Basundhara, Royal Complex 3rd floor, Kathmandu. However, the presence of Bidder's representatives will not be mandatory for opening bidding documents. |
| 9. | Non-submission of the required valid documents and non-compliance with mandatory requirements as mentioned above may lead to the disqualification of the proposals. |
| 10. | The Bank reserves the right to accept or reject, completely or partially any or all the bids without assigning any reasons, whatsoever. |
| 11. | Other detailed information shall be available with the bidding documents. |

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# लिपुलेक विवादको कूटनीतिक हल

भदौ १ गते भारतीय विदेश सचिव विक्रम मिश्री काठमाडौं उत्रिँदा प्रधानमन्त्री केपी शर्मा ओली दंग थिए । उनको आगमनले मन मिठो परेका प्रधानमन्त्री ओली केही दिनमै अमिलो मुख पार्न बाध्य बनेका छन् । जसरी पनि दक्षिणको छिमेकी भारतलाई खुसी पार्ने ओलीको कसरत थियो । त्यही अनुरूप ओली भदौ मसान्तमा भारत भ्रमणमा जाने तयारीमा लागे । तर भारतले 'ग्रिन सिग्नल' नदिएपछि अन्योलमै परे ।

यद्यपि भदौ नलाग्दै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो दूतका रूपमा मिश्रीलाई काठमाडौं उतारे । उनको काठमाडौं दौड यति लोभलाग्दो थियो कि सबै शीर्ष नेतालाई एकै दिन भेटे । सुरक्षा निकायका प्रमुखहरूलाई चाहेकै समयमा भेटे । सबै नेपालीलाई पनि लाग्यो छिमेकसँगको सम्बन्ध सुध्रियो । तर दुई दिन नबित्दै नेपाली भूमिमाथि दक्षिण विशाल छिमेकी भारतले उत्तरी विशाल छिमेकी चीनसँग मिलेर रजाइँ गर्ने सहमति गरे । नेपाली भूमि 'लिपुलेक' दुई ठुला बलिया मुलुक भारत र चीनले व्यापारिक प्रयोजनका लागि पुनः प्रयोग गर्ने समझदारी गरेको विषय भारतीय सञ्चार माध्यममा फैलियो ।

चिनियाँ विदेशमन्त्री वाङ यीको भारत भ्रमणका क्रममा दुई देशले यस्तो सहमति गरेका हुन् । जबकि, लिपुलेक नेपालको पश्चिमी क्षेत्रको भूमि हो । लिपुलेकलाई नेपालले चीन र भारतसँगको त्रिदेशीय सीमा मान्दै आएको छ ।

भारत र चीनबीचको उक्त समझदारीबारे नेपाललाई कुनै जानकारी दिइएको छैन । जसकारण पनि स्वभाविक रूपमै नेपालले यसको कुटनीतिक समाधान खोज्नैपर्छ । अहिले परराष्ट्र मन्त्रालयले प्रवक्ताको नाममा विज्ञप्ति जारी गर्दै झारा टार्ने काममात्र गरेको छ । लिपुलेक विवाद पटकपटक बल्झिरहेको छ । यसको मुल कारण नेपालले कुटनीतिक हल गर्न नसक्नु हो । यसरी दुई देशबीच सहमति हुँदा पनि नेपाललाई जानकारी नदिनु सन्धिमहासन्धीहरूको गम्भीर उल्लंघन हो । त्यसैले यो विषयमा नेपालले कुटनीतिक नोट लेखेर उच्चस्तरमै वार्ता गर्नुपर्छ ।

पहिलोपटक २०४८ सालमा भारत र चीनबीच लिपुलेकलाई व्यापारिक नाकाको रूपमा खुला गर्ने सीमा व्यापार सम्झौता भएको थियो । त्यसपछि २०७२ सालमा पनि यस्तै सम्झौता भयो । तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाले उनका भारतीय समकक्षी नरेन्द्र मोदीसमक्ष यसबारे विमति जनाएका थिए ।

लिपुलेकलाई व्यापारिक प्रयोजनमा प्रयोग गर्ने भारत–चीनको समझदारीप्रति नेपालले कूटनीतिकमात्र हैन राजनीतिक स्तरमा पनि कुरा उठाउनुपर्छ । यसरी पटकपटक दबाउँदै हेपाह प्रवृत्ति अपनाउनु अन्तरराष्ट्रिय कानुनहरूको उल्लंघन हो । यसका लागि सरकारले परराष्ट्रविद्हरूको साथ लिएर तुरुन्तै हल खोज्नुपर्छ ।

## श्रम सरोकार

# वैदेशिक रोजगारी जाने वैधानिक प्रक्रिया

विद्यमान वैदेशिक रोजगार ऐनबमोजिम संस्थागत र व्यक्तिगत गरी जम्मा दुई प्रक्रियाबाट वैदेशिक रोजगारीमा जान सकिन्छ । संस्थागत प्रक्रिया भन्नाले विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीबमोजिम वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालनको अनुमति लिएका म्यानपावर संस्थामार्फत कानुनबमोजिम वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ ।

### यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा हुने फाइदाहरू:

- कुन देश जाने हो ? कुन कम्पनीमा जाने हो ? आफूले गर्ने काम के हो ? तलब सुविधा के हुने हो ? सबै कुराको स्पष्ट जानकारी पाइन्छ ।
- विदेशमा रहँदा कुनै समस्या परे सम्बन्धित म्यानपावरलाई सम्पर्क गरी समस्याको समाधान गर्न र उद्धारमा सहयोग पाउन सकिन्छ ।
- म्यानपावरबाट विदेश जाँदा ठगिएमा म्यानपावरले राखेको धरौटीबाट वैदेशिक रोजगार विभागमार्फत रकम असुलउपर गर्न सकिन्छ ।
- विदेशमा भनेअनुसारको काम र तलब नदिएमा पठाउने म्यानपावरबाट असुलउपर गर्ने कानुनी प्रावधान रहेको छ ।
- विदेशमा जाँदा बुझाउनुपर्ने वास्तविक लागत रकम कति हो भन्ने विषयमा बुझ्न सकिन्छ ।
- व्यक्तिगत प्रक्रिया भन्नाले कामदार आफ्नै पहलमा विद्यमान वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रक्रिया पूरा गरी वैदेशिक रोजगारीमा जाने प्रक्रियालाई बुझिन्छ । यस प्रक्रियाको अवलम्बन गरी वैदेशिक रोजगारमा जाँदा कामदार आफ्नो कामका लागि स्वयं जिम्मेवार हुनुपर्दछ । तसर्थ, श्रम स्वीकृति लिएर संस्थागत (म्यानपावर कम्पनी)मार्फत वैदेशिक रोजगारमा जानु तुलनात्मकरूपमा सुरक्षित मानिन्छ ।
- वर्किङ भिसाबाहेक अन्य भिसामा वैदेशिक रोजगारीमा जानु हुँदैन । गलत कागजात बनाई वैदेशिक रोजगार ऐन तथा नियमावलीमा उल्लिखित प्रावधानविपरीत अन्य प्रक्रियाबाट वैदेशिक रोजगारमा जानु गैरकानुनी हुन्छ र यस्तो अवस्थामा कुनै पनि कुराको ग्यारेन्टी हुँदैन र ठगीमा पर्ने सम्भावना हुन्छ ।
- पर्यटक भिसा वा भिजिट भिसामा वैदेशिक रोजगारमा जानु हुँदैन ।

# 'उड्ने कार' आयो, अब समाजवाद आउँछ !



■ रिसव गौतम

> भृकुटीमण्डपमा प्रदर्शनमा राखिएका ८० प्रतिशतभन्दा बढी ब्राण्डका गाडीहरु आयातीत हुन् । त्यहाँ नेपालीको केही अपनत्व छैन । त्यस्ता चिज, त्यो पनि करोडौं पर्ने विलासी कार, 'उड्ने कार' देखेर दंगदास पर्ने हो भने प्रमज्यू यो देश खोक्रो हुने छ । देशको 'ब्यालेन्स सिट' गडबड हुने छ । देश ऋणै ऋणमा डुब्ने छ । अहिले नै जिडिपीको ४० प्रतिशत देशको ऋण भइसक्न लागेको छ । त्यो सानो कुरा होइन । त्यो ऋण कसरी तिर्ने, कहाँ-कहाँ खर्च भयो त्यत्रो पैसा ? सामाजिक तहमै त्यसको अडिट गर्नुपर्ने बेला भएन र ?

गाडी साहुहरूको संगठन नाडा अटोमोबाइल एसोसिएसनको '१७औं नाडा अटो शो' मंगलबारदेखि भृकुटीमण्डपमा सुरु भएको छ । प्रर्दशनीको आर्कषणको रूपमा चीनबाट ल्याइएको 'उड्ने कार' हेर्न अवलोकनकर्ताहरूको घुइँचो देखिन्छ ।

गुडियाझैं सजाइएको 'उड्ने कार' हेरेपछि कम्युनिस्ट प्रधानमन्त्री केपी शर्मा ओलीसमेत दंगदास परे । र, भने, 'संसारमा प्रविधिले अनौठो प्रगति गऱ्यो ।' तर नेपालमा पनि आफ्नै कला र प्रविधि विकास गरेर गाडीहरू उत्पादन गर्नुपर्छ उनले भनेनन् ।

हुन त आफ्नै देशमा एसेम्बल गरी ब्राण्डिङ गरिएको मुस्ताङ गाडी चढेर स्वदेशी उत्पादनलाई प्रोत्साहन गरेका पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईजस्ता नेता पनि त छन् । तर प्रधानमन्त्री ओलीको त्यो खालको चेतना देखिएन । किनकि, उनी दलाल पुँजीपति र बिचौलियाको घेरबन्दीमा छन् भनिन्छ । प्रधानमन्त्रीको किचेनसम्म बिचौलियाकै राफताप रहेको सत्ता साझेदार दल नेपाली कांग्रेसकै कतिपय प्रभावशाली नेताहरूले बताएकै हुन् ।

भृकुटीमण्डपमा प्रदर्शनमा राखिएको 'उड्ने कार' नेपालीहरूले हेरे, छुन पाएनन्, चढ्ने धेरै परको कुरा होला । 'उड्ने कार' देखाएर दर्शक भित्र्याउने गाडी साहुहरूको गज्जबको फर्मुला पनि हो । त्यसमाथि समाजवादको बाजा बजाउँदै आएका कम्युनिस्ट प्रधानमन्त्रीले उद्घाटन नै गरिदिएर हौसला भरे । मानौं, अब समाजवाद 'उड्ने कार'सँगै आउँछ । अर्का पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालले त प्रर्दशनीको अवलोकन गर्दै 'उड्ने कार' भित्र बसेरै हेरे । सायद समाजवादको अनुभव भयो पनि होला ।

एकातिर देशमा निरपेक्ष गरिबी २० प्रतिशत हाराहारी छ, एउटा तप्का भोक, रोगले यो २१औं शताब्दीमा पनि प्रताडित छ । अर्थतन्त्र पूरै जर्जर र परनिर्भर छ । गाडी, घोडाको त के कुरा, जनइदेखि सियोसम्म विदेशबाटै आयात गर्नुपरेको विडम्बना छ । अर्कोतर, गाडी साहुहरूले 'उड्ने कार' प्रदर्शन गरेर कम्युनिस्ट प्रधानमन्त्रीको समाजवादको सपनामा उडान भरेका छन् ।

के उड्ने कार देखाएर आफ्ना आयातीत महँगा गाडीहरू बेच्न लागिपरेका साहुजीहरूलाई प्रोत्साहन गरेर देशको अर्थतन्त्र आत्मनिर्भर बन्ला ? ती साहुजीहरूले आयात गर्ने महँगा विलासी गाडीहरूमार्फत देशको ठूलो धनराशी बाहिरिएको छ । वार्षिक व्यापार घाटा १४-१५ खर्ब छ । देशको आफ्नै मौलिक उत्पादन केही छैन । तर पनि कम्युनिस्ट पार्टी भन्नेहरूसँग एक थान समाजवाद पुग्ने सिद्धान्त कथा छ । त्यो जबज होस्, माओवाद होस् या अनेकन कलेबरका वादहरू हुन् । न ती व्यावहारिक छन् न कहिल्यै लागू हुन्छन् । हात्तीका देखाउने दाँतजस्ता भएका छन् ।

ठण्डा दिमागले सोचौं त, हामी नेपालीहरूको आर्थिक हैसियत करौडौं बजार मूल्य भएका महँगा विलासी गाडी चढ्ने छ त ? सीमित धनाड्यहरू होलान् । तर अहिले त आमरूपमा विलासी गाडीहरूको देखासिखी बढिरहेको छ । जसले भ्रष्टाचार, ठगी, करछली, वित्तीय अपराध अथवा अनेक रङका कूकर्मलाई प्रश्रय दिइरहेको छ । जसरी हुन्छ कमाउने र विलासी गाडीमा रमाउने भन्ने खालको सोचहरू देखिन्छ ।

सरकार आर्थिकरूपमा खोक्रो भइसकेको छ । विकास बजेटभन्दा वित्तीय व्यवस्थापनतर्फको खर्च रकम बढिरहेको छ । ३५० अर्बभन्दा बढी रकम त सरकारले वार्षिकरूपमा ऋणको सावाँ-ब्याज छुटचाउन खर्च गर्नुपरेको छ । सरकारले राजस्व रकम संकलन गर्न पनि विलासी गाडीहरूको आयातमा सघाइरहेको छ ।

अहिले पनि देशमा ६० लाखभन्दा बढी मानिस बिहान के खाने अनि बेलुकी के खाने भन्ने अवस्थामा छन् । 'उड्ने कार' का साहुजीहरूको पछि लाग्ने कि ती गरिब, निमुखाहरूको कसरी स्तरउन्नति गर्ने भन्नेतर्फ सोच्ने हो प्रमज्यू ? अब त सँघारमै दसैं, तिहारजस्ता पर्व आएका छन् । एकाथरी मान्छे करोडौंका कारमा चडेर घरगाउँ सफारी गर्ने र बाटोमा हिँडेका गरिब गुरुवाहरूलाई हिलो छ्याप्दै हिँड्नेबेला आउँदै छ । तर संविधानमै समाजवाद भनेर लेखिए पनि घुमाउरो पाराको सामन्तवाद झन् बढी मडारिएको छ ।

बोल्न नसक्ने, पुँजी नभएका मानिसहरू, संघ सस्थाहरू प्रताडित छन् । बर्चस्ववालाहरू, दलाल पुँजीपतिहरू, बिचौलियाहरूको देशमा रजगज छ । शिक्षा, स्वास्थ्य, व्यापार, ठेक्कापट्टा जहाँ जता पनि छलछाम गर्ने, धूर्त, टाठाबाठा, बिचौलियाहरूको रजगज देखिन्छ । अनि आउँछ समानता र समाजवाद ? कम्युनिस्ट नेताले चलाएको सरकार यस्तै हुन्छ ? किन गरिब, किसानलाई अपनत्व हुनेगरी बजेट तथा नीति कार्यक्रम आउँदैन ? किन असली किसानले वित्तीय संघ सस्थाबाट सजिलै ऋण पाउँदैनन् ? किन असली किसानले अनुदान पाउँदैनन् ? त्यता पो सोच्ने हो कि पिएम ज्यू ? सरकार भनेको अलि बढी कमजोर वर्गको भरोषाको केन्द्र हुनुपर्छ नि । गरिब तथा तल्लो वर्गको उत्थान नगरी तपाईंले भन्याजस्तो 'सुखी नेपाली, समृद्ध नेपाल' आउँदैन पिएमज्यू । आज गाउँघरमा अलिअलि देखिएको सुख, समृद्धि सबै विदेसिएकाहरूले पठाएको रेमिटचान्सले भरथेग गर्दा हो ।

त्यसकारण प्रधानमन्त्रीले गाडी साहुहरूलाई नेपालमै गाडी बनाउन लगाउनुपर्थ्यो । त्यसका लागि सरकार सहयोग गर्न तयार छ, विदेशी महँगा गाडी नचढौं भन्नुपर्थ्यो । तर, त्यस्तो भन्न सकेनन् प्रधानमन्त्रीले । ५० लाखभन्दा माथिल्लो दामका गाडीहरू नेपालमा बेच्नै नदिए पनि हुन्छ । किनकि यो गरिबी र असमानताले जकडिएको देशमा त्यस्ता विलासी गाडीहरूले गरिबमाथि नै भयंकर व्यंग गर्छ । विदेशबाट आयात गर्ने, बीचको मार्जिनमा रमाउने व्यापारीहरूले सहयोग गर्ने भनेको विदेशको समृद्धिलाई हो । त्यो खालको व्यापारले देश उँभो पनि लाग्दैन ।

दलाल पुँजीपतिहरूलाई दुरुत्साहन र स्वदेशी राष्ट्रिय औद्योगिक पुँजीपतिहरू जसले रोजगारी र आफ्नै देशमा उत्पादन बढाउन सहयोग गरेका छन् उनीहरूलाई प्रोत्साहन गरौं । उदारवादको नाममा पूरापुर खुला गरेर देशलाई विदेशीको बजारमात्र बनाउने हो भने हामी कसरी धनी हुन सक्छौं ? कसरी रोजगारी सिर्जना हुनसक्छ ?

भृकुटीमण्डपमा प्रदर्शनमा राखिएका ८० प्रतिशतभन्दा बढी ब्राण्डका गाडीहरू आयातीत हुन् । त्यहाँ नेपालीको केही अपनत्व छैन । त्यस्ता चिज, त्यो पनि करोडौं पर्ने विलासी कार, 'उड्ने कार' देखेर दंगदास पर्ने हो भने प्रमज्यू यो देश खोक्रो हुने छ । देशको 'ब्यालेन्स सिट' गडबड हुने छ । देश ऋणै ऋणमा डुब्ने छ । अहिले नै जिडिपीको ४० प्रतिशत देशको ऋण भइसक्न लागेको छ । त्यो सानो कुरा होइन । त्यो ऋण कसरी तिर्ने, कहाँ-कहाँ खर्च भयो त्यत्रो पैसा ? सामाजिक तहमै त्यसको अडिट गर्नुपर्ने बेला भएन र ?

तीन करोड नेपालीको प्रतिधित्व गरेर सत्तामा पुग्नुभएको तपाईं प्रधानमन्त्रीले साहुजीहरूको चिन्ता गर्ने होइन नि ! उनीहरूको आम्दानीमा थोरै गिरावट आएछ भने केही फरक पर्दैन तर देशमा असमामनता र गरिबीचाहिँ घटाएर देखाउनुस् न । छिमेकमा तपाईंकै छेको सत्तामा आएका राष्ट्रपति सी चिनफिङले गत १० वर्षबीच ४० करोड जनतालाई गरिबीको रेखाबाट एकैचोटि शून्यमा झारेर चमत्कार गरे, तपाईंहरूले कति झर्नु भो ?

तपाईंहरूको भजनकीर्तन, गाउने र आसेपासेहरू उँभो लागे, अरू किन पछि परे ? त्यसको पनि हिसाव राख्नुस् पिएमज्यू । किनकि, तपाईं तीन करोड नेपालीको पिएम हो । एउटा कुरा थाहा पाउनुस् पिएमज्यू, संसारकै धनी एलन मक्सहरूको कार (टेस्ला) खरिद गर्ने नेपालीको आम औकात हुँदै होइन । र, उनका गाडी घोडाहरूको प्रहर्सल नेपालमा जरुरी पनि होइन । नेपालमा नेपाली उत्पादनहरूको प्रहर्सल जरुरी हो । बरु पाडापाडी किनेर किसानलाई बाँड्ने जो कुरा गर्नुहुथ्यो, त्यो जरुर सही छ । बाँड्नुस् त्यो राज्यकै पैसाले बाँडे पनि त्यसले देशलाई नै फाइदा गर्छ । उत्पादन र निर्यातलाई टेवा दिन्छ ।

३५२ बिलियन डलरका मालिक एलन मक्स जो पूरै नेपालको जिडिपीको आकार (४५ बिलियन डलर) भन्दा आठ गुणा धनी छन्, त्यस्ताहरूको ब्राण्ड बेच्ने अभियानमा तपाईं प्रधानमन्त्रीले किन प्रोत्साहन गर्ने ? के 'उड्ने कार' भित्रियो, अब समाजवाद आउँछ त ? सोचौं, व्यावहारिक र यथार्थपरक भएर सोचौं । हामी हाम्रा लागि अघि बढ्ने कि सीमित पुँजीपति र विदेशीका लागि ?

# गुँला पर्व समाप्ति र फर्पिङ बज्रयोगिनी जात्रा



■ पदम श्रेष्ठ

प्रत्येक वर्ष श्रावण शुक्ल प्रतिपदादेखि भाद्र शुक्ल प्रतिपदा (पारु)सम्म एक महिना स्वयम्भू महाचैत्यलाई मूल मानी बौद्धस्थलमा प्रेम-करुणा, व्यायाम, संगीत, मनोरञ्जन, अनुगमन भ्रमण र पुनर्निर्माणलगायत नौ उद्देश्य प्राप्तिका लागि गुँला पर्व मनाइयो, काठमाडौं उपत्यकामा ।

नेपाल संवत्को नवौं महिना गुँला पर्व आदिबुद्ध दीपंकरको स्मरणमा दान महिमालाई उँचो राख्दै मनाइने गरिन्छ । धेरैलाई के लाग्छ भने बुद्ध भन्नाले सिद्धार्थ गौतम बुद्धमात्र हो तर उपत्यकाबासीले मनाउने गुँला पर्वमा आदि बुद्ध दीपंकरलाई मूल मानेर लोकेश्वर तथा बौद्ध तान्त्रिकदेवी योगिनीहरूको आराधना गर्दै मनाउने परम्परा रहँदै आएको छ । यो पर्व राजा वृषदेवभन्दा चार पुस्ताअघिका राजा पुष्पदेवको राज्यकाल (१९०० वर्षअघि) देखि मनाउन थालिएको कथन छ ।

गुँला पर्व अवधिभर उपत्यकाका विहार-महाविहार सार्वजनिक गरी नवव्याकरण (प्रज्ञापारमिता, गण्डव्यूह, दशभूमिश्वर-समाधिराज, लंकावतार, सद्धर्मपुण्डरिक, सुवर्ण प्रभास, ललितविस्तर तथा गुह्यतन्त्र) पाठ गर्दै विहार परिक्रमाका साथ दान दिने परम्परा छ ।

यसरी एक महिनासम्म भक्तजनबाट प्राप्त दान (खाने, पिउने, लगाउने र नगद) लाई शाक्य, बज्राचार्य, फुवरे (ज्यापू)हरूले आफ्नो घर व्यवहारमा लगाउनेदेखि बुद्ध विहार निर्माण वा धार्मिक कार्यमा लगानी पनि गर्ने गर्छन् । गुँला पर्व विशुद्ध भावनाले धार्मिक सेवा प्रवर्द्धन वर्षावासबाट मुक्ति दिवस पनि मानिन्छ ।

यसै उपलक्ष्यमा गुँला पर्वको अवसरमा 'काठमाडौं र कीर्तिपुरमा प्रत्येक वर्ष श्रावण शुक्ल त्रयोदशीका दिन पञ्चादानसमेत हुने गर्दछ । यसका लागि काठमाडौंको ठमेलबाट सुरू हुने पञ्चदान क्वाःवहाः, झ्वाःवहाः, तँलाछी, धोका वहाः, गँवहाः, नघवहा, न्हूवहाः बांगेमुढा, असन, दगुवहा, तछेंवहाः, जनवहाः, इटुम्वहा, मूवहा, चिधँवहः, इन्द्रचोक, मखवही, लायकुवही, मरु पिगँननी, चिंकमूहुँदै मञ्जुश्री परिक्रमा गरिन्छ भने मञ्जुश्री इकुवहाः, लगन, तःवहाः, यंगावही, ओमवहाः न्हुसा, पुलाभन्साहुँदै नच्छेगल्ली पुग्दछ । बिहानै सुरू हुने पञ्चदान टेबहाल, दुगँवही, सवलबहाः, महाबौद्धहुँदै साँझ जमल विहारमा पुगी सम्यक् भोजमा परिणत हुने गर्दछ । पञ्चदानबाट प्राप्त दान जीविकोपार्जनका लागि हो तर यसबाट संकलित रकमलाई सामाजिक कार्यका लागि पनि खर्च गरिन्छ ।

नेपाल संवत्को नवौं महिना गुँलामा बौद्धशास्त्रको नवव्याकरण पढिन्छ भने नौ बाजा (धाः, धिमे, नगरा, नायखिं, दमखीं, दवहव, मृदंग, धोधोचार, क्वँचाखिं) बजाउँदै विहार परिक्रमा गरिन्छ ।

## ऐतिहासिक भूमि फर्पिङमा बज्रयोगिनी जात्रा

शिखी बुद्धले चम्पादेवी डाँडामा ध्यान गरी पारंगत प्राप्त गरेको शिखरापुर फर्पिङबासीलाई एकपल्ट अचम्मको रोग लागेर भटाभट मर्न थाले छन् रे । यसबाट निराकारार्थ महायानी बज्रगुरु ओदियानाचार्यले शिखर लोकेश्वर गुफा शेषनारायण नेर उपवोध व्रत बस्दा विस्कानीदेवी (बज्रयोगिनी) प्रकट भई माङसाहुति यज्ञ गर्न आज्ञा भएछन्, तर पशुबलि बौद्ध संस्कारले नदिने भएपछि तन्त्रज्ञानी ओदियानाचार्यले आफ्नो तीघ्राको मासु काट्दै होम गर्न थाले छन् । यस्तो महान् त्याग र यज्ञबाट खुसी भएकी बज्रयोगिनी देवीले रोग व्याधी र अनावृष्टिको अन्त्य गरिदिएको भन्ने आख्यान तथ्य पाइन्छ ।

यही दिनको खुसियालीमा राजा भिमार्जुन देवले ४६ हजार जनाको जनसंख्या व्यवस्थित गरी ने.सं. १८३ श्रावण कृष्ण त्रयोदशीदेखि बज्रयोगिनीको जात्रा थालिएको भाषा वंशावलीमा उल्लेख रहेको छ । प्राचीन दक्षिणकालीको वास्थानसमेत रहेको जुन डाँडामा महायानी धर्मगुरु पद्मसम्भव, गुरु गोरखनाथ कपिलवस्तुबाट आएका बज्रयानी गुरु ओदियानाचार्यजस्ता स्वयं योगीहरूले ध्यान गरी सिद्धी प्राप्त गरेको पवित्रस्थल मानिन्छ ।

फर्पिङ तराई पुग्ने सबैभन्दा छोटो ५६ किलोमिटरको मार्ग पनि हो । आख्यानुसार नेपाल संवत् सुरू हुनुभन्दा १८३ वर्षअघि राजा भीमार्जुन देवले फर्पिङलाई कोटाल, कोछु (लाय्कु झम्केश्वरी दरबार क्षेत्र) टिपी, थल्कु, यल्खु, कोर्पु र थर्पु गरी सात टोलमा विभक्त गरी बस्ती व्यवस्थित गराएको बताइन्छ । फर्पिङका यी नै सात टोललाई आधार मानी सात डबली, सात ढुंगेधारा, सात पोखरी, सात मुख्य टोलका देविदेवता भनिएझैं फर्पिङमा राजा शिवदेव प्रथमदेखि अंशुवर्मासम्मका पालामा निम्नलिखित विहारहरू भीमबहाः, दिगुबहाः, वसीबहाः, वोखाबहाः, क्वाःबहाः, तःबहाः, खाबहाःहरू स्थापित रहेको भन्ने तथ्यले फर्पिङको प्राचीन पहिचान बौद्ध आदिभूमि प्रमाणित गर्दछ तर स्थानीय वयोवृद्धहरूका अनुसार राजा जयस्थिति मल्लले ने.सं. ५११ ताका जर्वजस्ती विहारहरू भत्काएपछि बौद्ध सम्पदा पाताल बनेको कथन छ ।

लिच्छविकालमा भिक्षुलाई सरकारबाटै पण (धातुको सिक्का) र पानीको व्यवस्था गरिएको हुन्थ्यो । यी र यस्ता तथ्यहरूलाई उजागर गर्दै लान पनि स्वयम्भू महाचैत्यको आधारमा एक महिनासम्म हुने गुँला पर्वको अन्त्यमा गरिने फर्पिङ बज्रयोगिनी जात्राले ठूलो महिमा खेलेको विश्वास व्यक्त गर्न सकिन्छ । बीचको लामो समयदेखि बन्दप्रायः भइसकेको बज्रयोगिनी जात्रा ने.सं. १००२ सालदेखि आफ्नै पहलमा पुनः व्यवस्थापन थालिएको फपिङ जात्रा पर्व संरक्षण समितिका अध्यक्ष सुरेन्द्र मानन्धर वताउँछन् । पिताजी जिम्वाल गणेशलाल मानन्धरपछि जात्रा पर्व व्यवस्थापनको जिम्मा आफ्नो हातमा आयो तबदेखि युवा जमातलाई एकत्रित गरेर बज्रयोगिनी जात्राको पनि व्यवस्थित गरिएको हो ।

फर्पिङ देशकै मुख्य विहारलाई आधार मानी सातवटै बुद्ध विहार परिक्रमा गराइँदा खटलाई अघिल्लो दिनमा नै बज्रयोगिनीबाट विधिपूर्वक देशभित्र ल्याई नारायण डबलीको द्योछेंमा विराजमान गराइन्छ भने रातभर भजन कीर्तनका साथ सात्त्विक पूजा व्रत हुने गरिन्छ ।

सिँगारिएको देवीको खटलाई सेतो कपडाको वसला ओछ्याउँदै दायाँबायाँ डमरु र घण्टी बजाउँदै देश परिक्रमा गरिँदा साँच्चै देशवासीलाई रोगव्याधीबाट बचाइदिएको भाव त्यहाँ प्रत्यक्ष हुन्थ्यो भने खटको अघिअघि धिमेय् धाः अदि बाजाको तालमा युवतीहरू परम्परागत पहिरनमा लावा, अक्षता छर्दै धूप, दीप चढाउँदै देश परिक्रमा गदरिरहँदा भव्य, सभ्य र दर्शनीय भएको थियो, बज्रयोगिनी जात्रा ।

फर्पिङ देशको मुख्य जात्रा हरिशंकर जात्राजतिकै भव्य भए पनि बज्रयोगिनी जात्रामा खानपान, टीका तालेभन्दा बढी रसरङ रमाइलो गरी देश परिक्रमालाई पहिलो प्राथमिकता दिइएको पाइन्छ ।

# 'पचास वर्षपछि जग्गाधनी प्रमाणपुर्जा'

**धुलिखेल–** काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिका-८ की ८३ वर्षीया जयकुमारी तामाङ आफूले खेती गर्दै आएको जग्गाको लालपुर्जा हातमा प्राप्त हुँदा निकै खुसी छिन् । यसअघि रसिदको भरमा जग्गा भोगचलन गर्दै आएको अवस्थामा ५० वर्षपछि बल्ल जग्गाधनी प्रमाणपुर्जा पाउँदा धेरै खुसी लागेको उनले सुनाइन् ।

पहिलोपटक जग्गाधनी प्रमाणपुर्जा हात पर्दा वडा नं ८ का ८० वर्षीय कुलबहादुर श्रेष्ठको मुहारमा पनि हर्ष छाएको छ । विसं २०३२ मा भएको नापीका क्रममा तत्कालीन दुई गाउँपञ्चायतबीच सिमाना विवादका कारण नापजाँच रोकिएपछि उनी पुर्जा पाउनबाट वञ्चित थिए । त्यसको ५० वर्षपछि आफूलगायतले जग्गाधनी प्रमाणपुर्जा प्राप्त गरेको श्रेष्ठले बताए ।

जग्गाको भोगलचन गर्दै आए पनि आवश्यक परेको बेलामा किनबेच, व्यापार-व्यवसाय र बैंकिङ कारोबारका लागि कुनै पनि काममा प्रयोग गर्न नपाएर समस्या व्यहोर्दै आएकामा अब चाहेको काम गर्नका लागि बाटो खुलेको भन्दे उनी खुसी छन् ।

वडा नं ७ फलाँटे पीपलटारका ८२ वर्षीय गोपिकृष्ण उप्रेतीले आफूले कमाई खाइपाइ गर्दै आएको भए पनि जग्गाधनीपुर्जा आफ्नो हातमा नहुँदा निकै निराश लाग्ने गरेकामा बल्ल पुर्जा हात परेपछि खुसी लागेको बताए । उनले भने, 'पुर्जा नपाउँदा कुनै कारोबार पनि गर्न पाइएन । काम गर्न सक्ने उमेर भएको बेला पुर्जा भएको भए भैंसीपालन गरेर धेरै आम्दानी गर्न सकिन्थ्यो, त्यो बेला पाइएन । ठिकै छ ढिलै भए पनि पुर्जा पाइयो खुसी छु ।'

साबिक फलाँटे गाउँपञ्चायत हालको भुम्लु गाउँपालिका-७ फलाँटेका ७८ वर्षीय तोरणबहादुर क्षेत्रीले आफूलेजस्तै अब बाँकी सबै नागरिकले पनि छिट्टै पुर्जा पाएको हेर्ने चाहना सुनाए । उनका अनुसार तत्कालीन फलाँटे गाउँपञ्चायत र भुम्लुटार गाउँपञ्चायत गाभेर पीपलटार गाविस बनेको थियो । त्यही बेलामा (२०३२ सालमा) नापी सुरु हुँदा सीमाको विषयलाई लिएर दुई पक्षबीच भएको विवादका कारण लामो समयसम्म पुर्जा पाउन सकिएन । 'धेरै वर्षपछि जनप्रतिनिधिको सक्रियतामा पुर्जा पाउँदा निकै खुसी लागेको छ । अब बाँकी नागरिकले पनि चाँडै पुर्जा पाए गाउँभरि नै हर्ष हुन्थ्यो,' क्षेत्रीले भने ।

भुम्लु गाउँपालिका-७ बाट १७६ र वडा नं ८ बाट २०३ जनाले पहिलोपटक जग्गाधनी प्रमाण पुर्जा प्राप्त गरेका छन् । वडा नं ८ का वडाध्यक्ष मोतिलाल तामाङले विगतमा विभिन्न समयमा प्रयास भए पनि विविध कारणले अगाडि नबढेको काम २०८१ सालदेखि सुरु भई हालै सम्पन्न भएको बताए ।

गाउँपालिका अध्यक्ष प्रेमबहादुर भुजेलले आफूहरूको निकै मिहेनतका कारण आधा शताब्दीपछि बल्ल भुम्लुका वडा नं ७ र ८ का नागरिकले जग्गाधनी प्रमाणपुर्जा पाएको बताए । 'विसं २०३२ देखि पुर्जाविहीन नागरिकलाई ५० वर्षपछि पुर्जा उपलब्ध गराउन सफल भएका छौं,' उनले भने, 'यो दिन ल्याउनका लागि सबैको भूमिका उत्तिकै उल्लेखनीय रहयो । सबैलाई धन्यावाद ।'

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव केदारनाथ शर्मा र नापी विभागका महानिर्देशक प्रकाश जोशीले तत्कालीन समयमा सीमा विवादका कारण रोकिएको काम सबैको साझा प्रयासबाट सफल भएको सुनाए । अब बाँकी नागरिकलाई पनि चाँडै पुर्जा वितरण गरिने उनीहरूको भनाइ छ । हालसम्म भुम्लुबाट करिब एक हजार ५०० भन्दा बढी आवेदन परेकामा करिब ४०० जग्गाधनी प्रमाणपुर्जा बनिसकेको जानकारी दिइएको छ । *रासस*

## भूल सुधार गरिएको सूचना

**प्रकाशित मितिः २०८२/०५/०६**

मिति २०८२/०२/११ गते प्रभाव दैनिकमा प्रकाशित **रफुवन अटो वर्कशप प्रा. लि.** (प्रा. लि. नं. १३०६२९) को हकदावी सम्बन्धी ३५ दिने सूचनामा यस प्रा.लिको दर्ता मिति २०७१/०९/२२ हुनपर्नेमा अन्यथा भएकोले भुल सुधार गरिएको छ ।

# हात्ती धपाउन जोखिम मोलेर विद्युतीय घेराबारा

■ चन्द्रकला भण्डारी

**झापा–** मेचीनगर नगरपालिका-११ का शान्तिराम चिमरियाले जंगली हात्ती नपसोस् भनेर घर र गोठलाई विद्युतीय तारले घेरेका छन् । तारको बीचबीचमा पोलिथिनका सेता झोला झुण्डयाएका छन् । 'गाउँमा हात्तीका हुल पस्छन्,' उनले भने, 'परैबाट हात्ती तर्सियोस् भनेर वरिपरि तारको घेराबेरा गरेका हौं ।' उनले मात्र होइन, जंगल छेउका अधिकांश गाउँमा घरको सुरक्षाका लागि यस्तै तारबार लगाएको पाइन्छ ।



काठ र बासका किलामा अडयाइएका असुरक्षित तारमा अधिकांश मानिसले रातभर विद्युत् प्रवाह गरिदिएका हुन्छन् । बेलुका सुत्ने बेलामा करेण्ट प्रवाह गर्ने र बिहानीपख उज्यालो भएपछि बन्द गर्ने सर्वसाधारणको प्रचलन छ । विद्युत् प्रवाह भएको तारसँग हात्ती डराउने स्थानीयबासीको विश्वास छ । हात्ती धपाउन प्रयोग भएको विद्युतीय तारमा झुक्किएर जनधनकोसमेत क्षति हुने गरेको छ । 'राति प्रवाह गरेको विद्युत्को स्वीच अफ गर्न बिर्संदा गाउँघरमा मानिस नै दुर्घटनामा नपरेका होइनन्,' उनी भन्छन्, 'हात्ती आइहाल्छ, धपाउने अरु उपाय नहुँदा किसानहरू जोखिम मोलेर भए पनि करेण्ट लगाउन बाध्य भएका हुन् ।'

स्थानीयले तारमा करेण्ट नलगाई पोलिथिनका झोला झुण्डयाउने उपाय पनि लगाएका छन् । तारमा सेता झोला लहरै झुण्डयाउँदा करेण्ट लगाएको ठानेर हात्ती घर र बारीतिर नपस्ने विश्वास रहेको चिमरिया बताउँछन् । तर बुद्धिमानी मानिएको हात्तीले स्थानीयबासीको हरेक अवरोध पार गर्न जुक्ति लगाउने गरेको छ । नजिकैको सुकेको रुखको दाउरा वा काँचो हाँगो भाँचेर करेण्ट प्रवाह भएको तारलाई भुइँमा लतार्ने नयाँ जुक्ति हात्तीले लगाउँदै आएको चिमरियाले बताए । एकपटक करेण्टको झड्का लागेको स्थानमा हात्ती दोहोऱ्याएर नआउने हुँदा सर्वसाधारणले यही विद्युतीय असुरक्षित घेराबेराको सहारा लिँदै आएका छन् ।

मेचीनगर नगरपालिका-४ की ६८ वर्षीया नरमाया कोइरालाले तीन हात्तीको हुलले घर भत्काएर भताभुंग बनाएको बताइन् । घर भत्किएपछि हात्तीबाट असुरक्षित भएको पीडा वडाध्यक्ष अर्जुन कार्कीलाई सुनाउन उनी वडा कार्यालयसम्म पुगिन् । भारतबाट सीमा पार गरेर आउने हात्तीसमेतको विचरणस्थल बनेको झापामा मानव-हात्ती द्वन्द्वका क्रममा डेढ दशकमा ७२ जनाको हात्ती आक्रमणमा मृत्यु भएको छ भने २५ हात्ती मारिएका छन् ।

हात्ती धपाउन बिछ्याइएको विद्युतीय तारमा परेर सर्वसाधारण, हात्ती र गाईवस्तु मारिने गरेका छन् । तर, विद्युतीय तारमा परेर मरेका व्यक्ति र हात्तीको यकीन तथ्यांक राखेको पाइएको छैन ।

मानव-हात्ती द्वन्द्वको विषयमा जानकार गोविन्द न्यौपानेले सुरक्षाका लागि भन्दै विद्युतीय तार बिछ्याउने कार्य एकदमै जोखिमपूर्ण रहेको बताए । यसबाट मानवीय क्षतिसमेत भइरहेको उनले बताए । 'हात्ती प्रभावित बाहुनडाँगीमा अहिलेचाहिँ यस्तो तार बिछ्याउने गतिविधि हटयो,' उनले भने, 'विगतमा धेरै मानिस र हात्तीले घर वरिपरि बिछ्याइएको विद्युतीय तारमा करेण्ट लागेर अनाहकमा ज्यान गुमाएका छन् ।'

झापाको जंगल छेउछाउका बासिन्दाले तार या डोरीमा प्लास्टिकका पोकापोकी राखेर हात्ती तर्साउने गरेको जनाउँदै यसबाट पनि हात्ती नियन्त्रण प्रभावकारी नभएको उनको धारणा छ । 'करेण्ट लगाएको ठानेर हात्ती तर्सेला कि भन्ने सर्वसाधारणको भ्रममात्र हो यो,' उनले भने, 'दशकौंदेखि मानिससँग संघर्ष गर्दै आएको हात्तीले कहाँ करेण्ट छ/छैन भन्ने सजिलै थाहा पाउँछ । मनको सन्तोषमात्र हो यो ।'

जोखिम निम्त्याउनेगरी गाउँभरि बिछ्याइएका विद्युतीय तारको बारेमा डिभिजन वन कार्यालय, जनप्रतिनिधि र संरक्षणकर्मीहरू बेखबर छैनन् । तर, हात्तीबाट जोगिने दीर्घकालीन उपाय कसैले दिन नसकेका कारण यसलाई निरुत्साहित गर्न कुनै निकायले सकेका छैनन् । 'मानिसहरू आफू बाँच्न र आफ्नो धनसम्पत्ति जोगाउन जोखिम मोल्न बाध्य छन्,' न्यौपाने भन्छन्, 'यस्तो कार्यलाई निरुत्साहित गर्ने काम सरकारी निकायको हो । जनचेतना पनि जगाउन आवश्यक छ । तर, दीर्घकालीन रूपमा समाधान दिन नसक्नेहरू गाउँमा गएर घेराबारा नगर भन्नै सक्दैनन् ।'

डिभिजन वन कार्यालय झापाका सूचना अधिकारी अमृतबहादुर लिम्बूले सीमाक्षेत्र र जंगलबाहिर हात्ती छेक्न सरकारले नै विद्युतीय घेराबारा गरेको जनाउँदै निजी घरमा तार बिछ्याएर घेराबारा गर्ने कार्यबारे कुनै जानकारी नभएको बताए । *रासस*

## युएइमा रोजगार

कम्पनी : DISCOVERY EMPLOYMENT LLC

पूर्व स्वीकृति मिति : २०८०/०९/१८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 297289 | चलानी नं.६०२२१३८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | BUILDING LABOURER | 173 | 0 | 800 | ३०,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1657/080/81

**AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED**
New Baneshwor-10, Thapagaun, Kathmandu, Landline No : 01-4586367, 4586366,
Mob: 9810003423/970-4414954, E-mail : alzahranepal@gmail.com, URL : www.alzahrahr.com

## कतारमा रोजगार

कम्पनी : AGENT SERVICES

पूर्व स्वीकृति मिति : २०८१/०२/२० | LT. No. 329668 | चलानी नं. ६०२४३५२९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ground Steward (Female) | 0 | 6 | 1200 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Service Agents | 0 | 5 | 1700 | ६४,९२६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paliv International Pvt. Ltd.**
Aruna Lama Marga-4, Maharajgunj, Kathmandu, Nepal, Tel : +977-1-4518268, 4518716, 5911470
Mobile: 9801070598, E-mail : info.palivinternational@gmail.com, Web: www.palivinternational.com
श्रम इजाजत नं. ११६४/०७३/०७४

## साउदीमा रोजगार

कम्पनी : MUATH MOHAMMED ABDULAZIZ AL FADHEL CONTRACTING CO. ONE PERSON CO

पूर्व स्वीकृति मिति : २०८२/०४/२२ | LT. No. 329706 | चलानी नं. ६०२४३५३८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Vehicle Driver | 1 | 0 | 1800 | ६६,६८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GREAT NEPAL H.R PVT.LTD.**
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000446/9705000447/9705000448
9705000449/9705000450/9705000451/9705000452 E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

## कतारमा रोजगार

कम्पनी : BETTER HOUSE TRADING AND CONTRACTING AND SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 329503 | चलानी नं. ६०२४३५७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ceramic Worker | 2 | 0 | 1200 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Metal Casting Labour | 2 | 0 | 1200 | ४५,८३० | | | | | | | |
| 3 | Painter - Plaster Worker | 2 | 0 | 1200 | ४५,८३० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1336/074/075

**Sulav Recruitment Pvt.Ltd.**
Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

## साउदी/युएइमा रोजगार

कम्पनी : MODERN CORNER CAFE FOR BEVERAGES

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329760 | चलानी नं. ६०२४३५०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Food & Beverage Controller | 3 | 0 | 1500 | ५५,५८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SWEET MAKER | 2 | 0 | 1500 | ५५,५८३ | | | | | | | |

कम्पनी : ALWAQAR YOUNAS FOR CLEANING SERVICES CO

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329680 | चलानी नं. ६०२४३४८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 5 | 5 | 1000 | ३७,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | External Building Cleaner | 8 | 0 | 1000 | ३७,०५६ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic. No- 1168/073/074

## मलेसियामा रोजगार

कम्पनी : X-SCAN ARMGUARD SECURITY SDN. BHD.

पूर्व स्वीकृति मिति : २०८२/०१/३१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 322566 | चलानी नं. ६०२३८५७६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 74 | 0 | 1700 | ५६,०५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**White Horse International Pvt. Ltd.**
Govt. License 966/067/68
New Baneshwor, Kathmandu, Nepal, Tel No: +977-1-4791108, 4792040, 9818224732, E-mail: wh.adm77427@gmail.com

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/११/३० मा दर्ता भएको **प्रा. लि. नं. २१०८१५** को **होम सर्भिस ट्रेड लिन्क प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०५/०५ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साउदीमा रोजगार

कम्पनी : MONA ALI AL-OMARI FOUNDATION

पूर्व स्वीकृति मिति : २०८२/०४/०३ | LT. No. 329552 | चलानी नं.६०२४३५३९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Wash Vechile Washing Greasing Worker | 3 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : MOHAMMED MANSOUR AL-MUTAIRI ENGINEERING CONSULTING COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329712 | चलानी नं.६०२४३५४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 1 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ABDUL AZIZ ZAIN AL-ABIDIN CONTRACTING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329551 | चलानी नं.६०२४३५४०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 15 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SANDOOQ AND LOQMA FOOD TRADING ESTABLISHMENT

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329583 | चलानी नं.६०२४३५४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Confectioners | 2 | 0 | 1500 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Al Faraz International Overseas Pvt. Ltd**
Dhumbarai Mandikhatar, Budhanilkantha 9, Kathmandu, Nepal, Contact: 9847416116, Email: hiringalfaraz@outlook.com
Govt. License 1553/079/80

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०६४/११/२० मा दर्ता भएको श्री **फिक्कल फलफुल प्रशोधन केन्द्र प्रा. लि. (प्रा. लि. नं. ५२१०६)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७४/१०/२८ मा दर्ता भएको श्री **बज्र फुड एण्ड बेवरेज प्रा. लि. (प्रा. लि. नं. १८३७२१)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## नेपाल सरकार
### उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
### कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको हकदावी सम्बन्धी ३५ दिने सूचना**

यस कार्यालयमा मिति २०७५/०४/०६ मा दर्ता भएको श्री **संस्कार निर्माण सेवा प्रा. लि. (प्रा. लि. नं. १९३६४४)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

## कुवेतमा रोजगार

कम्पनी : LE RAVE FOR SWEETS & PASTRIES

पूर्व स्वीकृति मिति : २०८०/१०/०८ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 298591 | चलानी नं. ६०२१३५३७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Crew | 9 | 8 | 120 | ५४,५८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Restaurants Worker | 1 | 10 | 90 | ४०,९४० | | | | | | | |

कम्पनी : KUWAIT FLOUR MILLS & BAKERIS CO.

पूर्व स्वीकृति मिति : २०८१/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०५ | LT. No. 320366 | चलानी नं. ६०२३४४९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Operation Technician | 27 | 0 | 152 | ६९,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Assistant Supervisors | 23 | 0 | 233 | १०५,९८५ | | | | | | | |
| 3 | Dough Kneader. | 11 | 0 | 152 | ६९,१४० | | | | | | | |
| 4 | Dough Mixer | 6 | 0 | 233 | १०५,९८५ | | | | | | | |
| 5 | Fire Fighters | 11 | 0 | 138 | ६२,७७५ | | | | | | | |
| 6 | Forkit Operator (GCC Valid License) | 11 | 0 | 152 | ६९,१४० | | | | | | | |
| 7 | Industrial Equipment Installation M | 2 | 0 | 152 | ६९,१४० | | | | | | | |
| 8 | Machine Operator/machinist | 36 | 0 | 190 | ८६,४२५ | | | | | | | |
| 9 | Master Baker | 24 | 0 | 409 | १८६,०४५ | | | | | | | |
| 10 | Occupation Security & Safety Technician | 17 | 0 | 233 | १०५,९८५ | | | | | | | |
| 11 | Production Helpers | 58 | 0 | 124 | ५६,४०५ | | | | | | | |
| 12 | Production Quality Controller | 5 | 0 | 340 | १५४,६६० | | | | | | | |
| 13 | Production Supervisor | 10 | 0 | 299 | १३६,०१० | | | | | | | |
| 14 | Security & Safety Technician | 24 | 0 | 152 | ६९,१४० | | | | | | | |
| 15 | Senior Machine Operator | 1 | 0 | 233 | १०९,९८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः यस प्रा.लि.को कार्यालय, सामाखुसी, काठमाडौंमा मितिः २०८२ भदौ १४ र १५ गते (30/31 Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC. 904/067/068

**DECENT EMPLOYMENT PVT. LTD.**
Samakhushi, Townplanning, Kathmandu, Nepal, Ph. No: +977-014973104, 9851330036, 9802370733, 9802360733
E-mail : cv.decentemployment@gmail.com, decentemploymentnepal@gmail.com, Website : www.decentemployment.com.np

## बुढीगंगा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### हात्तिमुडा, मोरङ, कोशी प्रदेश, नेपाल

**जनहितमा जारी सन्देश**

डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।

थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।

सुरक्षित रहौं **रोकथाम गरौं** नियन्त्रण गरौं

डेंगी

डेंगीको लक्षणहरुः उच्च ज्वरो आउनु, जोर्नी र मांशपेशीहरु, आँखाको गेडी र टाउको बेस्सरी दुख्नु, शरीरमा राता बिमिराहरु आउनु, वाकवाकी लाग्नु वा वान्ता हुनु आदी हुन् ।

### डेंगीबाट बच्ने उपायहरु

एडिज जातको लामखुट्टेले दिनको समयमा टोक्दछ । त्यसमाथि पनि बिहान र साँझको समयमा टोक्ने सम्भावना बढी भएकोले सो समयमा थप सचेत हुने ।

आफ्नो घर वरिपरि, कार्यस्थल र सार्वजनिक ठाँउहरुमा पानी जम्न नदिने । पानी राख्ने भाँडालाई लामखुट्टे नछिर्ने गरि राम्ररी छोपेर राख्ने ।

दिउँसो पनि लामखुट्टे भगाउने धूप बाल्ने र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाउने ।

घरको झ्याल ढोकामा लामखुट्टे नछिर्ने जाली हाल्ने ।

बिहान, दिउँसो, राती जुनसुकै बेला झुल लगाएर मात्र सुत्ने ।

पूरै शरिर ढाक्ने लुगा लगाउने ।

**लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।**

प्रभाव दैनिक

रूपशाला

### सकियो 'एक्लो'को छायांकन

वैज्ञानिक कल्पनामा आधारित नेपाली चलचित्र 'एक्लो' छायांकन सकिएको छ। निर्देशक प्रदीप शाहीका अनुसार हालै एक गीतको छायांकनपछि चलचित्रको छायांकन सकिएको हो। काठमाडौँमा भव्य सेट लगाएर छायांकन गरिएको गीत कविता नेपालीमाथि फिचर्ड गरिएको थियो। गीतमा स्वप्निल शर्माको स्वर र रोहित शाक्यको सङ्गीत छ। गीतको भिडियोको कोरियोग्राफी कविता नेपालीले गरेकी हुन्। कार्यकारी निर्माता विनोद सुवेदी 'क्षितिज' का अनुसार गीत दसैँमा रिलिज गरिनेछ। 'एक्लो'मा अभिनेता प्रदीप खड्का मुख्य भूमिकामा छन्।



शुक्रबार, ०६ भदौ २०८२ (Friday, 22 August 2025)

# 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'को प्रिमियर

■ प्रभाव संवाददाता



**काठमाडौं–** चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'ले प्रिमियरमा पुगेका अधिकांशको मन जितेको छ। बुधबार नयाँ बानेश्वर स्थित वान सिनेमाजमा आयोजना गरिएको प्रमियरमा चलचित्र हेर्न पुगेका अधिकांश व्यक्ति भावुक भएका छन्।

प्रिमियरमा अग्रज कलाकार शुनिल थापा, वरिष्ठ छायांकार गौरीशंकर धुंजु, अभिनेता जितु नेपाल, कवि तथा गीतकार विप्लव प्रतीक, कलाकार कमलमणी नेपाल, कलाकार लोकेन्द्र लेखक, नायक किरण श्रेष्ठ, स्क्रिप्ट राइटर प्रदीप भारद्धाज लगायत सिनेमा क्षेत्रका चर्चित व्यक्तिहरूको उपस्थिति रहेको थियो। उपस्थित कलाकार तथा आगन्तुक दर्शकहरू पनि 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'को कथासँग भावनात्मक रूपमा जोडिएका थिए।

केकी अधिकारी, अञ्जु पन्तलगायत कलाकार चलचित्र हेर्दा रोइरहेका थिए। नोस्टाल्जिक बनाउँदै बुवा, आमा र दाजुभाइबीचको पारिवारिक सम्बन्ध, सम्झना र जिम्मेवारीको कथा सिनेमामा हेरिरँदा रुवाएको सिनेमा हेरेपछि उनीहरूले प्रतिक्रिया दिएका छन्। सिनेमाले आफूहरूलाई जस्तै दर्शकको पनि मन छुने र आँसु बगाउन बाध्य बनाउने प्रिमियरमा चलचित्र हेर्नेहरूको प्रतिक्रिया छ। धेरै जना आँसु पुछ्दै हलबाट बाहिरिएको देखिन्थ्यो। उनीहरूले चलचित्रले मन छोएको र आफ्नै परिवारको याद दिलाएको प्रतिक्रिया दिए।

बुवा र आमाले छोराछोरीका लागि गर्ने सम्झौता र बुवाआमाप्रतिको जिम्मेवारी निभाउने क्रममा छोराछोरी परिबन्धमा परेर उजाडिएको जिन्दगीको कथा हेरिरहँदा आँसु थाम्न नसकेको अधिकांशको प्रतिक्रिया छ।

चलचित्रले सम्बन्धको महत्व, सपना पूरा गर्न गरिने संघर्ष र पारिवारिक मूल्यमान्यतालाई मार्मिक ढंगले प्रस्तुत गरेको देखिन्छ, जसका कारण दर्शकहरूले यसलाई भावनात्मक रूपमा बलियो चलचित्रको रूपमा लिएका छन्। आज (शुक्रबार)बाट रिलिज हुने चलचित्र 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'मा केकी अधिकारी, विजय बरालसँगै मिरुना मगर, शुशांक मैनाली, भोलाराज सापकोटा, गौरव पहाडी, रियर राई, भावना खपांगी मगर, रूपेश लामा, सुमन थापालागायतको अभिनय रहेको छ।

अलटाइम ब्लकबस्टर चलचित्र 'पूर्णबहादुरको सारंगी'पछि विजय बरालको मुख्य भूमिकामा आउन लागेको यस वर्षको यो पहिलो चलचित्र हो।

पेपरक्लिपको ब्यानरमा निर्माण भएको चलचित्रका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन्। कार्यकारी निर्मातामा नारायण तिमिसिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन रहेका छन्।

थानेश्वर गौतम, अर्जुन पोखरेल, एसडी योगी र प्रसान्त सिवाकोटीको संगीत रहेको चलचित्रमा नवीन गुरुङ डीओपी र कृष्ण परियारको सिनेमेटोग्राफी रहेको छ।

# 'रैथाने घुमफिर कन्सर्ट'मा झुमा लिम्बुले प्रस्तुति दिने

■ प्रभाव संवाददाता

**काठमाडौं–** 'रैथाने घुमफिर कन्सर्ट २०८२' आयोजना हुने भएको छ। गायिका झुमा लिम्बु एण्ड दि रैथाने ब्यान्डले आगामी असोज ३ गतेबाट प्रदर्शनमा आउने फिल्म 'जारी २'सँगको सहकार्यमा कन्सर्ट गर्ने भएकी हुन्। जसको सुरुवात आगामी भदौ २१ गते काठमाडौँको ठमेलस्थित एलओडी क्लबबाट हुने भएको हो। जहाँ प्रदर्शनको तयारीमा रहेको फिल्म 'जारी २'को टिमले च्याब्रुङ नाच समेत प्रस्तुत गर्नेछ।

रैथाने घुमफिरमा झुमाले नेपालका विभिन्न १० सहरमा प्रस्तुति दिनेछिन्। जसमा उनको ब्यान्डको शोलो प्रस्तुति रहनेछ। त्यसका अलवा जुन ठाउँमा कन्सर्टको आयोजना हुनेछ, त्यहाँको स्थानीय कला संस्कृति र गीत सङ्गीतलाई विशेष प्राथमिकतामा राखिने गायिका लिम्बु बताउँछिन्। साङ्गीतिक यात्रामार्फत सांस्कृतिक पहिचानलाई प्रवर्द्धन गर्ने उद्देश्य लिइएको छ। विभिन्न सहर र गाउँमा पुगेर स्थानीय लोकसंगीत हाक्पारे पालाम, च्याब्रुङ, घाँटु, सोरठी, देउडा, मारुनी लगायत सङ्गीत र




नृत्यलाई केन्द्रमा राखेर साङ्गीतिक प्रस्तुति हुनेछ।

लोकसंगीत, केवल मनोरञ्जनको माध्यम मात्र नभई नेपालको मौलिक सांस्कृतिक जीवनशैली, इतिहास र सामुदायिक एकताको प्रतिविम्ब भएको गायिका लिम्बुले बताइन्। 'यो यात्राले संस्कृति र सङ्गीतलाई नयाँ पुस्तामा पुऱ्याउने आशा लिएका छौं। 'रैथाने घुमफिर'ले गाउँ र सहरको सङ्गीत र संस्कृतिलाई जोड्न एउटा पुलको रूपमा उभिनेछ' उनले भनिन्। रैथाने घुमफिर यो वर्ष नेपालमा मात्रै आयोजना हुनेछ। अर्को वर्ष यसलाई विदेशमा समेत लैजाने योजना लिम्बुको रहेको छ

**युएइमा रोजगार** कम्पनी : EFS FACILITIES SERVICES MANAGEMENT L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/०२ LT. No. 329469 चलानी नं. ६०२४३३२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 100 | 100 | 1000 | ३७,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

HAMDAN GLOBAL PVT. LTD.
Sinamangal - 9, Kathmandu (Opposite of Hope hospital), Tel: +977 1 5915082 / 83
Email: hamdanglobalnepal@gmail.com, Web: www.hamdanglobal.com
License No. : 1563/079/080

रंगशाला

# एनपीएल आगामी मङ्सिरमा




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेट प्रतियोगिताको दोस्रो संस्करण आगामी मङ्सिरमा हुने भएको छ।

प्रतियोगिता आगामी मङ्सिर १ देखि २७ गतेसम्म हुने नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा आज जारी प्रेस विज्ञप्ति जनाएको छ। उक्त प्रतियोगिता लागि खेलाडीको मिनी अक्सन यसअघि नै सम्पन्न भइसकेको छ।

गत वर्ष मङ्सिर १५ गतेदेखि पुस ६ गतेसम्म आयोजना भएको पहिलो संस्करणको एनपिएल सफल भएसँगै दोस्रो संस्करणमा धेरैको ध्यान आकर्षित भएको छ। एनपिएलमा हाल आठ वटा टोली छन्। जसमा विराटनगर किङ्गस, जनकपुर बोल्टस्, चितवन राइनोज, काठमाडौं गुर्खान, पोखरा एभेञ्जर्स, लुम्बिनी लायन्स, सुदूरपश्चिम रोयल्स र कर्णाली याक्स छन्।

एनपिएलको पहिलो संस्करणको उपाधि जनकपुर बोल्टस्ले जितेको थियो। एनपिएलको दोस्रो संस्करणको तयारी स्वरूप किर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानको स्तरोन्नति भइरहेको छ। हाल प्यारापिट निर्माण भइरहेको छ।

# एपीएफ क्लबको महिला फुटबल टोलीलाई बिदाइ

**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले एएफसी वुमन्स क्लब च्याम्पियन्स लिगमा सहभागी हुन जान लागेका एपीएफ क्लबको फुटबल टोलीलाई बिदाइ गरेका छन्।

एशियाली फुटबल कन्फेडेरेशन (एएफसी) को आयोजनामा भाद्र ९ देखि १५ गतेसम्म उज्वेकिस्तानको कर्सी शहरमा उक्त प्रतियोगिता सञ्चालन हुँदै छ।

सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा आज महानिरीक्षक अर्यालले खेलाडी, प्रशिक्षक एवं अफिसियलहरूलाई बिदाइ गर्दै जित्ने प्रयासका साथ खेल्नुपर्ने बताए। साथै खेल राष्ट्रको गौरवको कुरा भएकाले खेलाडीहरूले अनुशासित भई खेल्नुपर्ने तथा यसलाई महत्त्वपूर्ण अवसरको रूपमा लिनुपर्ने उनले बताए।

सोही अवसरमा महानिरीक्षक अर्यालले अग्नि इनकर्पोरेट प्रा.लि.का प्रबन्धक निर्देशक अर्जुनप्रसाद शर्मालाई आईजी एपीएफ कमेण्डेसनबाट सम्मान गरेका छन्।

कार्यक्रममा एन्फा अध्यक्ष पंकज विक्रम नेम्वाङले खेलाडीहरूले जित्छौं भन्ने भावनाका साथ सबै खेलाडीहरू कौशल र क्षमताले अब्बल भएकाले नतिजा राम्रो आउने विश्वास व्यक्त गरे।

# काभा महिला नेसन्स लिग भलिबल टुँडिखेलमा हुने

■ प्रभाव संवाददाता

**काठमाडौं –** काभा महिला नेसन्स लिग भलिबल काठमाडौँको टुँडिखेलमा हुने भएको छ।

नेपाल भलिबल सङ्घले आगामी नोभेम्बर १५ देखि २२ तारिखसम्म सो प्रतियोगिता हुने जानकारी दियो। नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्दले दर्शकको चापलाई ध्यानमा राखी खुला मैदानमा प्रतियोगिता आयोजना गर्न लागेको बताए।

टुँडिखेलमा आठ हजार दर्शक क्षमताको अस्थायी प्यारापिट निर्माण गरी प्रतियोगिता सञ्चालन गरिने छ। काभा महिला नेसन्स लिगमा सेन्ट्रल एसियाका आठ देशको सहभागिता रहने छ। यस लिगलाई विश्व वरीयताको प्रणालीलाई समावेश गर्न एफआइभिबीलाई अनुरोध गरिने जानकारी पनि अध्यक्ष चन्दले दिए।

प्रतियोगितामा सेन्ट्रल एसियाका आठ राष्ट्रले सहभागिता जनाउने छन्। प्रतियोगिताका लागि नेपाल सरकारले एक करोड र काठमाडौँ महानगरपालिकाले ३० लाख रुपियाँ बजेट दिएको बताइएको छ।

यसै गरी नेपाल भलिबल सङ्घले प्रतियोगिताको ब्रोडकास्टिङ तथा मार्केटिङ अधिकार हिमालय टेलिभिजनलाई दिएको छ। हिमालय टेलिभिजनले प्रतियोगिताको प्रत्यक्ष प्रसारण गर्ने छ।

भलिबल सङ्घका अध्यक्ष चन्द र हिमालय टेलिभिजनका अध्यक्ष धर्मराज भुसालले बुधबार ब्रोडकास्टिङ तथा मार्केटिङ अधिकारसम्बन्धी सम्झौतापत्र आदानप्रदान गरेका थिए।

**साउदीमा रोजगार** कम्पनी : AYED ABDULRAHMAN AL-AYED CONTRACTING COMPANY, CLOSED JOINT-STOCK COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ LT. No. 329713 चलानी नं. ६०२४३५२४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Loading & Unloading Labor | 1 | 0 | 1200 | ४४,४६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

श्रम इजाजत नं. ९७१/०६७/०६८
Reliance Recruitment Services Pvt. Ltd.
Maharajgunj, Chakrapath, Kathmandu, Nepal. Tel: +977-1-4419528 / 4419763,
Email:mofa@relianceservice.com.np, Website: www.relianceservice.com.np

**कतारमा रोजगार** कम्पनी : NEW STATE SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०१/११ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०५/०५ LT. No. 322467 चलानी नं. ६०२३६५७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 1 | 0 | 1100 | ४२,०१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Ceramic Worker | 1 | 0 | 1100 | ४२,०१० | | | | | | | |
| 3 | Dry Cleaning Worker | 5 | 0 | 1100 | ४२,०१० | | | | | | | |
| 4 | Helper /labourer / Ceramic Worker /building Worker | 2 | 0 | 1000 | ३८,१९० | | | | | | | |
| 5 | Messenger/reporter | 3 | 0 | 1100 | ४२,०१० | | | | | | | |
| 6 | Waiter | 15 | 0 | 1400 | ५३,०७० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159,
9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com
LIC 1675/080/81

**युएइमा रोजगार** कम्पनी : ZAIN IQBAL TECHNICAL SERVICES CO. L.L.C S.O.C

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ LT. No. 328958 चलानी नं. ६०२४३५५५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 8 | 0 | 1500 | ५६,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 4 | 0 | 1500 | ५६,७९० | | | | | | | |
| 3 | Plumber | 5 | 0 | 1500 | ५६,७९० | | | | | | | |
| 4 | Steal Fixer | 8 | 0 | 1500 | ५६,७९० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १४ गते (30th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

SUN RAY GLOBAL OVERSEAS PVT. LTD.
Kathmandu-9, Sinamangal. Tel: +977-1-4560974, 4564202,
Email: sunray918@gmail.com, srgoverseas@gmail.com
LIC No. 918/067/68

**साउदीमा रोजगार** कम्पनी : VELVET VEHICLE ESTABLISHMENT FOR CAR SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/०५ LT. No. 329793 चलानी नं. ६०२४३५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CAR WASH HELPER | 2 | 0 | 1100 | ४०,७५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Saudi Nepal Recruitment Agency Pvt.Ltd.
श्रम ईजाजत नं. ७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal, Tel.+977-01-4720350, 4720849, 5908112, E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

ट्रम्पको कर दबाब

# भारत-रुस व्यापार विस्तारमा जोड



**मस्को–** अमेरिकाले भारतमा ५० प्रतिशत कर लगाएको परिस्थितिमा भारतीय विदेशमन्त्री एस जयशंकरले रूसी कम्पनीहरूलाई आफ्ना भारतीय साझेदारहरूसँग अझ गहनरूपमा संलग्न हुन आग्रह गर्दै भारत-रुस व्यापार विस्तारमा जोड दिएका छन् ।

भारतको द्रुत गतिमा बढिरहेको अर्थतन्त्र र 'मेक इन इण्डिया' जस्ता पहलहरूले विदेशी व्यवसायका लागि नयाँ अवसरहरू खोलेको उल्लेख गर्दै उनले भने, 'भारतको ४० खर्ब अमेरिकी डलरको कूल गार्हस्थ (जिडिपी) छ र निकट भविष्यका लागि सात प्रतिशतको वृद्धि दर रहेको छ । यसलाई भरपर्दो स्रोतहरूबाट ठूला आपूर्तिको स्पष्ट आवश्यकता छ । केही अवस्थामा, यो आवश्यक उत्पादन, मल, रसायन वा मेसिनरीको सुनिश्चित आपूर्ति हुनसक्छ । भारतको द्रुत गतिमा विस्तार भइरहेको पूर्वाधारले पनि आफ्नो अनुभव भएका उद्यमका लागि व्यापारको ठूलो अवसर प्रदान गर्छ ।'

'मेक इन इण्डिया र यस्तै अन्य पहलहरूले विदेशी व्यवसायका लागि नयाँ ढोका खोलेका छन् । भारतको आधुनिकीकरण र सहरीकरणले उपभोग र जीवनशैलीमा आएको परिवर्तनबाट आफ्नै माग सिर्जना गरेको छ,' उनले भने, 'यी सबै आयामले रूसी कम्पनीहरूलाई अझ गहन संलग्न हुन निमन्त्रणा दिन्छ । हाम्रो प्रयास उनीहरूलाई त्यो अवसरमा सहभागी हुन प्रोत्साहित गर्नु हो ।'

भारत र रुसले लामो समयदेखि प्रमुख राष्ट्रबीचको स्थिर सम्बन्धलाई मजबुत पारेको उनले स्मरण गरे । 'तर त्यो स्वचालितरूपमा आर्थिक सहकार्यमा परिणत भएको छैन । हाम्रो व्यापार संरचना सीमित छ र हालसम्म व्यापारको मात्रा पनि सानो थियो । पछिल्ला वर्षहरूमा यो बढे पनि व्यापार घाटा त्यत्तिकै बढेको छ,' उनले भने, 'त्यसैले व्यापार विविधीकरण र सन्तुलन अहिले तत्काल आवश्यक छ । उच्च व्यापार लक्ष्यमा पुग्नमात्रै होइन, हालको स्तर कायम राख्न पनि यसमा कडा प्रयास आवश्यक छ ।'

विदेशमन्त्री जयशंकरले विकासलाई बढावा दिन र गति दिन गहिरो सहकार्य गर्नुपर्नेमा जोड दिए । उनले थप लगानी, संयुक्त उद्यम र सहयोगका नयाँ रूपहरूमा विचार गर्न भारत तयार रहेको बताए । उनले भने, 'भारत र रुस दुवै पक्षले विकासका लागि धेरै गर्न सक्छन् । हाम्रो उद्देश्य आर्थिक गतिविधि बढाउन अनुकूल वातावरण सिर्जना गर्नु हो । व्यापारबाहेक लगानी, संयुक्त उद्यम र अन्य सहकार्यका रूपहरूबारे सोच्ने इच्छा बढ्दै गएको छ । यसलाई अघि बढाउन उपप्रधानमन्त्री मान्टुरोभ र म यहाँ उपस्थित छौं । हाम्रो स्पष्ट सन्देश हो- स्थायी रणनीतिक साझेदारीमा बलियो र दिगो आर्थिक पक्ष हुनैपर्छ ।'

भारत-युरेसियन आर्थिक संघबीचको स्वतन्त्र व्यापार सम्झौताबारे पनि जयशंकरले जानकारी दिए । उनले भने, 'आज हामीले भारत-युरेसियन आर्थिक संघ एफटिएका लागि सन्दर्भका सर्तहरू पूरा गरेका छौं । यसको निष्कर्षले निश्चितरूपमा फरक पार्ने छ । हामीले माग पहिले नै स्थापित भएका क्षेत्रमा संयुक्त उद्यमलाई प्रोत्साहित गर्नेबारे छलफल गर्‍यौं । महत्त्वपूर्ण लगानी स्तरका केही पहलबारे पनि कुरा भयो । हाम्रो कौशल र गतिशीलतासम्बन्धी प्रयास सुरु भइसकेका छन् । कनेक्टिभिटी सुधार गर्ने चाहना पनि विभिन्न विकल्पमार्फत व्यक्त भएको छ ।'

व्यवसायहरूले आत्मविश्वासका साथ अगाडि बढ्नुपर्नेमा उनले जोड दिए । 'त्यतिमात्र होइन, सरकारले गर्ने छलफल र व्यवसायहरूले बनाउने योजनाबीच घनिष्ठ सहकार्य सुनिश्चित हुनुपर्छ,' उनले भने ।

अमेरिकाले हाल भारतीय सामानमा २५ प्रतिशत एड भ्यालोरम शुल्क लगाइसकेको छ । यसका साथै, अगस्ट २७ देखि थप २५ प्रतिशत अतिरिक्त शुल्क लागू हुने घोषणा भएको छ । यही पृष्ठभूमिमा जयशंकरले रुससँगको व्यापार बढाउन सकारात्मक पहल गरेका हुन् । *रासस/एएनआई*



बंगलादेशको मानिकगञ्जस्थित स्थानीयले हातले बनाएका काठको डुंगा पाइने बजार । *तस्बिरः सिन्हुवा*

# म्यान्माको जुन्ताले सार्वजनिक गर्‍यो नयाँ चुनावी विवरण

**यांगुन–** म्यान्माको सत्तामा रहेको सेनाले बिहीबार लामो समयदेखि प्रतीक्षित डिसेम्बरको निर्वाचनबारे विवरण सार्वजनिक गरेको छ । सेनाले पहिलो चरणको मतदानमा करिब एकतिहाइ जनसंख्या समेटिने बताएको छ ।

सैन्य नेतृत्वले यसै हप्ता चुनाव चरणबद्ध रूपमा गरिने घोषणा गरेको थियो । पहिलो चरण डिसेम्बर २८ देखि सुरु हुने छ । सेनाले यसलाई युद्धको थकानबाट उद्धारको उपायका रूपमा प्रस्तुत गरेको छ । म्यान्मामा सन् २०२१ को विद्रोहपछि सेनाले सत्ता कब्जा गरेदेखि देश लगातार द्वन्द्वमा परेको छ ।

तर, अझै पनि देशका धेरै क्षेत्र सेनाको नियन्त्रणबाहिर रहेका छन् । लोकतान्त्रिक नेत्री आङ सान सुकी जेलमा छिन् । संयुक्त राष्ट्रसंघका एक विज्ञले यो निर्वाचनलाई निरन्तर सैनिक शासनलाई लुकाउन गरिएको 'धोखाधडी' भनेका छन् । सेनाले पूर्ण चुनावी तालिका अझै तय गरेको छैन । तर, राज्य सञ्चालित मिडियामा प्रकाशित सूचनाअनुसार पहिलो चरणको मतदान म्यान्माका तीन ३० टाउनसिपमध्ये १०२ मा हुने छ ।

यसमा राजधानी नेपिडोका सबै बस्तीहरू, व्यावसायिक राजधानी र सबैभन्दा ठूलो सहर यांगुनसहित करिब २५ लाख जनसंख्या भएका क्षेत्रमा मतदान हुने उल्लेख छ । तर, ग्लोबल न्यु लाइट अफ म्यानमामा प्रकाशित विवरणले अझै पनि विद्रोहीहरूसँग संघर्ष भइरहेका क्षेत्रमा सेनाले चुनाव गराउने ठूलो महत्त्वाकांक्षा नराखेको भन्ने देखाउँछ ।

जस्तै, पश्चिमी राखाइन राज्यमा स्थानीय जातीय सशस्त्र समूह अराकान सेनाले लगभग सम्पूर्ण नियन्त्रण लिएको छ । त्यहाँका १७ मध्ये केवल तीन टाउनसिपमा मात्र पहिलो चरणमा मतदान हुने छ । त्यस्तै, उत्तरको सागिङ क्षेत्र प्रजातन्त्र समर्थक गुरिल्लाहरूको मुख्य गढ मानिन्छ । त्यहाँ पनि जम्मा एकतिहाइ क्षेत्रमामात्र मतदान हुने छ । जुन्ताले बाँकी चरणहरूको मिति घोषणा गरेको छैन, न त कुन बस्तीहरूमा मतदान हुने छ भन्ने स्पष्ट पारेको छ । सन् २०२० को अन्तिम आमनिर्वाचनमा सुकीको पार्टीले ठूलो बहुमतले जितेको थियो । त्यसपछि सेनाले अप्रमाणित धाँधलीको आरोप लगाउँदै उनको सरकारलाई हटाएर सत्ता कब्जा गरेको थियो । *रासस/एएफपी*

# थाइल्याण्डकी निलम्बित प्रधानमन्त्री अदालतमा


**बैंकक–** थाइल्याण्डकी निलम्बित प्रधानमन्त्री पेटोङटार्न सिनावात्राले कम्बोडियासँगको सीमा विवाद व्यवस्थापन गर्ने क्रममा पदबाट हटाउन माग गरिएको मुद्दामा बिहीबार अदालतमा बयान दिएकी छन् । विवादास्पद तर प्रभावशाली अर्बपति पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राकी छोरी पेटोङटार्नलाई कम्बोडियाका पूर्वनेता हुन सेनसँगको फोनवार्तामा देशको पक्षमा दृढरूपमा नउभिएको आरोप लगाइएको छ । उक्त अडियो अनलाइन चुहिएपछि उनीमाथि आलोचना भएको हो ।

गत वर्ष नैतिक कारण देखाउँदै उनका पूर्ववर्तीलाई प्रधानमन्त्री पदबाट हटाएको संवैधानिक अदालतले अर्को शुक्रबार पेटोङटार्नलाई पदबाट हटाउनुपर्ने कि नपर्ने भन्ने निर्णय गर्ने छ । अदालतले गत महिना उनलाई पदबाट निलम्बन गरिसकेको थियो र बिहीबार उनको ३९औं जन्मदिनकै दिन मुद्दामा प्रश्नहरूको जवाफ दिन बोलाएको थियो ।

कालो व्यापारिक सुटमा मुस्कुराउँदै उनले पत्रकारहरूलाई अभिवादन गरिन् र आफ्नो शीर्ष सल्लाहकार प्रोमिन लर्टसुरिदेजसँग बैंककको अदालतमा पुगेकी थिइन् । उनले करिब डेढ घण्टासम्म न्यायाधीशहरूको प्रश्नको जवाफ दिइन्, तर अदालतले सुनुवाइका विवरण सार्वजनिक गर्न निषेधाज्ञा जारी गरेको छ ।

यो मुद्दा कम्बोडियाका लामो समयका शासक तथा हालका प्रधानमन्त्रीका पिता हुन सेनसँगको जुनमा भएको फोनवार्तामा केन्द्रित छ । सो फोनवार्ता विवादित सीमा क्षेत्रमा भएको तत्कालीन तनावबारे थियो । फोनवार्तामा पेटोङटार्नले हुन सेनलाई 'काका' भनेकी थिइन् र एक थाई सैन्य कमाण्डरलाई आफ्नो 'प्रतिद्वन्द्वी' भनेकी थिइन् । यसले थाइल्याण्डमा व्यापक प्रतिक्रिया निम्त्यायो ।

रूढिवादी सांसदहरूले उनलाई कम्बोडियाको पक्ष लिएको र थाइल्याण्डको शक्तिशाली संस्था-सेनालाई कमजोर पारेको आरोप लगाए । फोनवार्ता चुहिएपछि



पेटोङटार्नको सत्तारूढ गठबन्धनको मुख्य साझेदारले विरोधस्वरूप सरकार छोड्दा उनको सरकार लगभग ढल्ने स्थितिमा पुगेको थियो । सिनेटरहरूको समूहले मन्त्रीहरूको आचरणमा 'स्पष्ट अखण्डता' र 'नैतिक मापदण्ड' आवश्यक पर्ने संवैधानिक प्रावधान उल्लंघन भएको भन्दै अदालतमा मुद्दा दर्ता गरेका थिए । पेटोङटार्नलाई निलम्बन गरेपछि कार्यवाहक प्रधानमन्त्री फुमथम वेचाचाइले भने, 'मलाई लाग्छ उहाँले राम्रो विश्वासका साथ काम गर्नुभएको थियो । देशको सुरक्षामा कुनै असर परेको थिएन, बरु थाइल्याण्डलाई द्वन्द्वबाट टाढा राख्ने उहाँको अभिप्राय थियो ।'

तर यो घटनाले थाई-कम्बोडियन सम्बन्धलाई संकटमा पुर्‍यायो । हुन सेनले सो फोनवार्ता पूर्णरूपमा अनलाइनमा सार्वजनिक गरेपछि सीमा विवाद चर्कियो र दशकौंयता भएको सबैभन्दा घातक भिडन्तमा परिणत भयो । यस द्वन्द्वमा ४० जनाभन्दा बढी मानिसको मृत्यु भयो र करिब तीन लाख मानिसले घरबार छोड्नुपर्‍यो ।

यदि अदालतले उनको विपक्षमा फैसला गर्‍यो भने पेटोङटार्न आफ्ना पिता थाक्सिन र काकी यिङलकपछि प्रधानमन्त्री पद गुमाउने तेस्रो सिनावात्रा बन्नेछिन् । थाक्सिन र यिङलक दुवैलाई सैन्य कूमार्फत हटाइएको थियो । *रासस/एएफपी*

# इयूको भिटोमाथि हंगेरीलाई दबाब दिन जेलेन्स्कीको आग्रह

**किएभ–** युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले सोमबार डोनाल्ड ट्रम्पसँगको भेटमा अमेरिकी नेतालाई युरोपेली संघ (इयू) मा सामेल हुन किभको प्रयासमा हंगेरीलाई भिटो हटाउन दबाब दिन आग्रह गरेको बताए ।

सन् २०२२ फेब्रुअरीमा रुसले आक्रमण गरेको केही दिनपछि युक्रेनले इयूमा प्रवेशका लागि आवेदन दिएको थियो, तर हंगेरीका राष्ट्रवादी प्रधानमन्त्री भिक्टर ओर्बनले लगाएको भिटोका कारण वार्ता अघि बढ्न सकेन । 'मैले राष्ट्रपति ट्रम्पलाई बुडापेस्टले इयूमा हाम्रो प्रवेश रोक्न हुँदैन भनेर सोधेँ,' जेलेन्स्कीले बिहीबार एएफपीसहित पत्रकारहरूलाई जारी गरेको टिप्पणीमा भने, 'राष्ट्रपति ट्रम्पले आफ्नो टोलीले यसमा काम गर्ने वाचा गर्नुभएको छ ।'

इयूमा मस्कोको नजिकको सहयोगी हंगेरीले युक्रेनको प्रवेशले सुरक्षा जोखिम निम्त्याउने र युद्धको बेला देशलाई स्वीकार गर्दा बुडापेस्टलाई रुससँगको द्वन्द्वमा तान्ने बताएको छ । युक्रेनले हंगेरीको चिन्ता आधारहीन रहेको जनाएको छ । 'युक्रेन इयूमा सामेल हुन चाहन्छ भन्ने कुरा पूर्णतया उचित छ... यो हाम्रो सार्वभौम अधिकार हो,' जेलेन्स्कीले भने ।

युद्ध सुरु भएदेखि दुई देशबीचको सम्बन्ध नाटकीय रूपमा बिग्रिएको छ । ओर्बनले युक्रेनलाई सैन्य सहायता पठाउन अस्वीकार गरेका छन् । यद्यपि युद्धग्रस्त देशमा इयूको सहायताको केही भाग अवरुद्ध भएको छ । जुलाईमा हंगेरीले युक्रेनमा सैन्य भर्तीकर्ताहरूले कथित रूपमा आक्रमण गरेपछि एक जातीय हंगेरी व्यक्तिको मृत्यु भएको दाबी गरेपछि युक्रेनका राजदूतलाई बोलाएको थियो । *रासस/एएफपी*


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development & Building Construction
New Town Project Office
Chaurjahari, Rukum (Western Part)

**INVITATION FOR BIDS (IFB)**

**First Date of Publication:-2082/05/06 B.S.**

1. DUDBC, New Town Project Office, Chaurjahari, Rukum (Western Part), invites Electronic bids for eligible bidders for a following construction work under National Competitive Bidding-Two Envelop Bidding procedure. Only eligible bidders with the following key qualifications should participate in this bidding.

| SN | Contract No/ Bid No. | Description of work | Major Qualification and Key Activities | Minimum average annual construction turnover of best 3 years within last 10 years | Bid Security Amount NRs. | Price of Bid Document | Bid Capacity | Last date of bid submission and time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | NTPO/ Chaurjahari/ Works/ NCB -02-082/83 | Construction of infrastructure like as (a.) Chaurjahari Municipality ward-3, Bhanaure Landfill site & jaharikhola road upgrading works Third Phase (b.) Agriculture Product Collection Centre Building finishing,Truss & land Development works at chaurjahari municipality ward-2,3 | At least One Contract of Road including footpath interlock concrete block M50 work or Building including interlock concrete block M50 Construction work with value of NRs. 1,02,68,000.00 excluding VAT Key activities i) R.C.C M20 Works: 152 Cum in Single FY ii) Interlock Concrete Block M50 Works : 879 sq. m in Single FY | NRs 5,13,38,000.00 Excluding VAT | NRs. 7,54,000.00 | NRs.. 5000.00 | NRs. 2,31,02,000.00 | 2082/06/05 BS (21th day of sept.2025 ) 12:00 office hors NST |

2. Pre-bid meeting shall be held at DUDBC, New Town project, Chaurjahari, West-Rukum at **13:00 hrs on 2082/05/25 BS.**
3. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.

**Project Chief**



**साउदीमा रोजगार** कम्पनी : LARSEN & TOUBRO SAUDI ARABIA LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329699 | चलानी नं. ६०२४३५२७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper/ordinary labourer/loading & unloading worker | 12 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Pigeon International Overseas Pvt. Ltd**
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277,
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np
श्रम ईजाजत नं. ३८४/०५९/०६०



**साउदी/कतार/युएइमा रोजगार** कम्पनी :UEC PROJECTS SERVICES COMPANY

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329695 | चलानी नं. ६०२४३५४५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 11 | 0 | 1000 | ३७,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

कम्पनी : NK TRADING CONTRACTING AND GENERAL SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329694 | चलानी नं. ६०२४३५४४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bell Man | 0 | 2 | 1200 | ४५,८३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter Concrete/shuttering | 2 | 0 | 1600 | ६१,०६५ | | | | | | | |
| 3 | Cashier | 1 | 0 | 1500 | ५७,२८५ | | | | | | | |
| 4 | Cleaners Indoor (Female) | 0 | 3 | 1200 | ४५,८३० | | | | | | | |
| 5 | Driver (Light/heavy) | 1 | 0 | 1500 | ५७,२८५ | | | | | | | |
| 6 | Ground Steward (Male) | 3 | 0 | 1400 | ५३,४७० | | | | | | | |
| 7 | Labour Maintenance Roads | 1 | 0 | 1200 | ४५,८३० | | | | | | | |
| 8 | Painter | 2 | 0 | 1500 | ५७,२८५ | | | | | | | |
| 9 | Sales Executive | 1 | 0 | 2500 | ९५,४८० | | | | | | | |
| 10 | Stone Mason | 2 | 0 | 1500 | ५७,२८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।

कम्पनी : M B K SECURITY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/०४ | LT. No. 329733 | चलानी नं. ६०२४२९५७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1200 | ४५,४३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | security guard (psbd) | 100 | 20 | 2000 | ७५,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: झापा, बिर्तामोड, सि.पि. होटलमा मिति: २०८२ भदौ १३ गते (29th Aug. 2025) मा हुनेछ ।
सुनसरी, इटहरीमा मिति: २०८२ भदौ १५ गते (31st Aug. 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ भदौ १६ गते (1st Sep. 2025) मा हुनेछ ।
कास्की, पोखरा, पृथ्वी चोक, जनप्रिय थकाली घरमा मिति: २०८२ भदौ १७ गते (2nd Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,०००/- | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYME NT PVT.LTD.**
Airport, Shambhu Marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, Email: inspireintemp@gmail.com
श्रम ईजाजत नं. १३६३/०७४/०७५

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य
छापावाला सुन / तेजाबी सुन / चाँदी
प्रति तोला – १९४८०० | प्रति तोला – ० | प्रति तोला – २२९०



**विश्वकर्मा पूजाको तयारी** | विश्वकर्मा पूजाका लागि मूर्ति बनाउँदै धनगढी–२ का मूर्तिकार महेन्द्रकुमार शाह । विश्कर्मा पूजा आउन करिब एक महिना बाँकी रहँदा यहाँ विश्वकर्माको मूर्तिमा आकार दिन भ्याइनभ्याइ भएको छ । *तस्बिरः तिलकराज ओझा/रासस*

# मोतिहारी–अमलेखगञ्ज पाइपलाइन हस्तान्तरणको तयारी

■ प्रभाव संवाददाता

**बागमती–** मोतिहारी-अमलेखगञ्ज पेट्रोलियम पाइप लाइन नेपाल आयल निगमलाई हस्तान्तरणको तयारी अन्तिम चरणमा पुगेको छ। पाइप लाइन विस्तारको सम्पूर्ण काम सकिएर अहिले सोही पाइप लाइनबाट मोतिहारीदेखि अमलेखगञ्जसम्म पेट्रोलियम पदार्थको आयात भइरहेको छ । 'पाइप लाइनबाट नियमित रूपमा पेट्रोलियम पदार्थ आयात भइरहेको छ', नेपाल आयाल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख प्रलयंकर आचार्यले भने, 'पाइन लाइनबाट ल्याइएको पेट्रोलियम पदार्थको परीक्षण काम पनि भइरहेको छ, त्यसका लागि भारतीय आयल निगमको प्राविधिक टोली फिल्डमै खटिरहेका छन् ।'

पाइप लाइनमा कुनै समस्या देखिएको खण्डमा तत्काले मर्मत सम्भार भइरहेको छ, परीक्षणको कामसमेत सकिएकाले छिट्टै पाइप लाइन हस्तान्तरण गर्ने तयारी भइरहेको उनको भनाइ छ । दुवै देशका प्रधानमन्त्रीले संयुक्त रूपमा पाइप लाइनको उद्घाटन गर्ने वा कसरी हस्तान्तरण गर्ने विषयमा दुवै पक्षबीच छलफल भइरहेको प्रमुख आचार्यले बताए । यस्तै बाराको अमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइप लाइन विस्तारको काम छिट्टै अघि बढाइने भएको छ ।



अमलेखगञ्जबाट लोथरसम्म ६९ किलोमिटरमा निर्माण हुने सो पेट्रोलियम पाइप लाइनको काम अगाडि बढाउने विषयमा उच्चस्तरीय प्राविधिक टोलीबाट डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेकाले अबको केही दिनभित्रै पाइप लाइन निर्माणको कामले तिव्रता लिने नेपाल आयल निगम मधेश प्रादेशिक कार्यालय अमलेखगञ्जका प्रमुख आचार्यले बताए ।

'डिपिआर निर्माणको काम अन्तिम चरणमा पुगेर पाइप लाइनको काम अघि बढाउन चितवनमा कार्यालयसमेत स्थापना भइसकेको छ', प्रमुख आचार्यले भने, 'अबको केही दिनभित्रै माटो सम्याउने कार्य पनि सुरु हुन्छ ।' सुरु भएको तीन वर्षभित्र काम सकिने लक्ष्य रहेको उनको भनाइ छ ।

भारतको मोतिहारीदेखि बाराको अमलेखगञ्जसम्म पाइप लाइनको काम सकिएर पाइप लाइनबाटै पेट्रोलियम पदार्थको आयात सुरु भएपछि अमलेखगञ्जबाट लोथरसम्म पाइप लाइनको काम सुरु गर्न लागिएको हो ।

चितवनको लोथरमा कुल २३ बिघा १२ कट्ठा जग्गामा ग्रिनफिल्डसहितको एक लाख लिटर पेट्रोलियम पदार्थ भण्डारण गर्नसक्ने टनेल निर्माण गरिने प्रमुख आचार्यले बताए । नेपाल-भारतबीच 'जिटुजी' सम्झौता मार्फत निर्माण हुन लागेको अमलेखगञ्ज-लोथर पाइप लाइन विस्तारको काम भारतीय आयल निगमले गर्नेछ । यसैबीच अमलेखगञ्जस्थित आयल निगमको पेट्रोलियम पदार्थ लोडिङ गर्ने बईमा समस्या देखिएपछि भारतीय प्राविधिक टोलीले मर्मत गर्ने भएको छ ।

# ताराखोलाको एउटै खोलामा छ जलविद्युत् आयोजना

**गलकोट (बागलुङ)**– बागलुङको ताराखोला गाउँपालिका जलविद्युत्को हबका रूपमा विकास भएको छ । ठाडो खोलाका रूपमा रहेको यहाँको ताराखोलामा हाल दुई जलविद्युत् आयोजना सम्पन्न भएका छन् भने दुई योजना निर्माणधीन र दुई प्रक्रियामा छन् ।

सयपत्री हाइड्रो कम्पनीले गाउँपालिका-२ र ३ मा पर्ने दरमखोलामा दुई दशमलव पाँच मेगावाट क्षमताको दरम खोला 'ए' जलविद्युत् आयोजना निर्माणसम्पन्न गरी विद्युत् उत्पादनसमेत गरिसकेको छ । यो निजी कम्पनीले बनाएको पहिलो आयोजना हो । यसअघि समुदायको प्रयासमा स-साना लघु जलविद्युत् सञ्चालनमा थिए । सयपत्री जलविद्युत् निर्माणपश्चात् ताराखोलामा पाँचवटा जलविद्युत् आयोजना थपिने क्रममा रहेका छन् । जसमध्ये ताराखोला जलविद्युत् आयोजना सम्पन्न भइसकेको छभने अन्य चारवटा जलविद्युत् आयोजना निर्माणको चरणमा रहेका छन् ।

पाँच वर्षअघि ३८० किलोवाटको ताराखोला जलविद्युत् आयोजना निर्माणसम्पन्न भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएको छ । हाल यहाँ मध्यताराखोला मध्य दरम 'ए' जलविद्युत् आयोजना धमाधम निर्माण भइरहेको छ । यस आयोजनाको ६० प्रतिशत काम सम्पन्न भइसकेको छ । यस्तै दरम 'ए' जलविद्युत् आयोजनाको चार मेघावट क्षमताको पूर्वाधार निर्माणले गति लिएको छ । यहाँ ४० प्रतिशत पूर्वाधारको काम सम्पन्न भइसकेको आयोजना सञ्चालक मिलन खतिवडाले जानकारी दिए ।

यहाँ तीन दशमलव पाँच मेघावाट तल्लो ताराखोला जलविद्युत् आयोजना र चार दशमलव पाँच मेघावाट मध्यदरम 'बी' आयोजना निर्माणको प्रक्रियामा रहेको छ ।

ताराखोला गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले ताराखोलामा जलविद्युत् आयोजनामा स्थानीयको समेत लगानी भएकाले यसको निर्माणले आर्थिक विकासमा ठूलो टेवा पुग्ने बताएका छन् । 'मध्यताराखोला र मध्यदरम 'ए' जलविद्युत् आयोजनाले गति लिएको छभने ताराखोला हुँदै गलकोटसम्म अन्य तीन आयोजनाको कामसमेत अगाडि बढेको छ', उनले भने, 'स्थानीयको समेत करोडौं लगानी रहेका जलविद्युत् आयोजना सम्पन्न भएमा ताराखोलाको आर्थिक विकासमा टेवा पुग्ने छ ।'

गाउँपालिका अध्यक्ष प्रकाश घर्तीले आयोजना निर्माणले गति लिएपछि स्थानीयस्तरमा उत्साह बढेको बताउँछन् । 'हाम्रो गाउँपालिकामा विद्युत् उत्पादनका लागि धेरै आयोजना बन्नु गर्वको विषय हो । यसले पक्कै पनि गाउँपालिका आर्थिक उन्नयन र नागरिकको जीवनमा सकारात्मक प्रभाव पर्नेछ । यसकारण सबै उत्साहित छौं ।' *रासस*

## कर्पोरेट

### पोखरामा एकैपटक प्रोटोनका १० वटा इमास–७ को सामूहिक हस्तान्तरण



**पोखरा (प्रस)**– नेपालमा प्रोटोन मोटर्सको एक मात्र आधिकारिक वितरक जगदम्बा मोटर्सले पोखरामा ग्राहकहरूलाई १० प्रोटोन इमास ७ इलेक्ट्रिक एसयूभीको सामूहिक हस्तान्तरण गर्दै नयाँ किर्तिमान बनाएको छ ।

यो विशेष हस्तान्तरण समारोहमा प्रोटोन मलेसिया र जगदम्बा मोटर्सका वरिष्ठ व्यवस्थापन प्रतिनिधिहरूको उपस्थिति रहेको थियो, जसले नेपालको विद्युतीय सवारीसाधन बजारमा प्रोटोनको बढ्दो उपस्थिति देखाएको छ । पोखरामा आयोजित उक्त कार्यक्रमले प्रोटन इमास ७ प्रति ग्राहकहरूको अपार विश्वास देखिएको छ, जो पूर्ण रूपमा विद्युतीय एसयूभी हो, जसले स्टाइल, प्रदर्शन, अत्याधुनिक प्रविधि, दीर्घकालीन किफायतपन र आत्मसन्तुष्टिलाई एकसाथ ल्याएको छ । सो अवसरमा बोल्दै जगदम्बा मोटर्सका सिनियर भाइस प्रेसिडेन्ट राजु भेटवालले भने, 'आजको सामूहिक सवारी हस्तान्तरण केवल कारको हस्तान्तरण मात्र होइन, यो विश्वासको उत्सव हो । पोखरावासीहरूले यातायातको भविष्यलाई अँगालेका छन् र स्वच्छ तथा स्मार्ट यातायाततर्फको यस यात्रामा प्रोटन नेपाल सहभागी हुन पाएकोमा गर्व गर्छ । यो त (हरित नेपाल) ग्रिनर नेपालको दिशामा हाम्रो यात्राको सुरुवात मात्र हो ।'

प्रोटन इमास-७ ले शक्तिशाली १६० किलोवाट मोटर, गाडी भित्र प्रशस्त स्थान, उन्नत सुरक्षा प्रविधि तथा उद्योगमै सबैभन्दा बढी ८ वर्षको ब्याट्री वारेन्टीसहितका प्रिमियम विशेषताले देशभरका ग्राहकको मन जित्न थालिसकेको छ । अब पोखराका ग्राहकहरू उत्सर्जन(रहित सवारीको सुखद अनुभव गरिरहेकै प्रोटन समुदायमा सहभागी हुँदैछन् । यो हस्तान्तरण कार्यक्रमले ग्राहक केन्द्रित पहलहरूप्रति प्रोटनको प्रतिबद्धतालाई पनि दर्शाउँछ, जसमा आकर्षक फाइनान्सिङ योजना, भरपर्दो आफ्टर सेल्स सपोर्ट र विद्युतीय सवारी साधनको स्वामित्वलाई सहज र लाभदायक बनाउने जस्ता दृष्टिकोण समावेश छन् । प्रोटन नेपालले देशभर शोरूम र सेवा सञ्जाल विस्तार गर्दै आफ्नो उपस्थिति फैलाउँदै जाँदा, कम्पनीको ध्यान अझ धेरै नेपाली परिवार र व्यवसायहरूलाई आत्मविश्वासका साथ विद्युतीय सवारीतर्फ रूपान्तरण गर्न सहज बनाउनेतर्फ केन्द्रित बनेको छ ।

### वाणिज्य बैंक र टेलिकमबीच सम्झौता

**काठमाडौं (प्रस)**– राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेपाल दरसञ्चार कम्पनी लिमिटेड (नेपाल टेलिकम)बीच निवृत्तिभरण खाता, तलबी बचत खाता तथा पेसाकर्मी सरल कर्जा सञ्चालनसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको छ । नेपाल टेलिकमको प्रधान कार्यालयमा आज आयोजित एक कार्यक्रमकाबीच उक्त सम्झौतापत्रमा हस्ताक्षर भएको हो । नेपाल टेलिकमका तर्फबाट प्रबन्ध निर्देशक सविना मास्के प्रधान र राष्ट्रिय वाणिज्य बैंकका तर्फबाट प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले हस्ताक्षर गरे ।



'वाणिज्य बैंकले नेपाल टेलिकमका सेवानिवृत्त कर्मचारीका लागि पेन्सन खाता सञ्चालन गर्नुका साथै कार्यरत कर्मचारीका लागि तलबी बचत खाता, पेसाकर्मी सरल कर्जा र अन्य सेवासुविधा उपलब्ध गराउनेछ', सम्झौतापत्रमा उल्लेख छ ।

विसं २०२२ माघ १० गते स्थापना भएको वाणिज्य बैंकले हाल ७७ वटै जिल्लामा रहेका तीन सय १० वटा शाखा कार्यालयमार्फत सेवा प्रवाह गर्दै आइरहेको छ । बैंकले आफ्नो सेवालाई समयसापेक्ष बनाउँदै प्रविधिमा आधारित वित्तीय समावेशीकरण र दिगो बैंकिङ सेवा विकासमा केन्द्रित गरिरहेको बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले जानकारी दिए ।

पूर्वाधार विकास कार्यालय
विराटनगर, मोरङ

पूर्वाधार विकास कार्यालयको जनहितमा जारी सन्देश

सडक हामी सबैको साझा सम्पति हो । यस सम्पतिको प्रयोग गर्ने अधिकार हामी सबैलाई रहेको छ । सडक, मोटरेवल पुल तथा झोलुंगे पुल जस्ता भौतिक संरचनाहरूको संरक्षण गर्नु हामी सबैको दायित्व हो । कोशी प्रदेश सरकारको लगानीमा निर्मित यी संरचनाहरु थोरै लगानीको मर्मत सम्भारले भेरै समय सम्म टिकाउ र प्रयोग योग्य रहनेछ । तपाई हाम्रो सानो सहयोग, प्रयास र सूचनाले महत्वपूर्ण भूमिका खेल्नेछ ।

त्यसैले :

- सडक अतिक्रमण गरी सडकको केन्द्र विन्दुबाट Right of Way को क्षेत्राधिकारभित्र कुनै पनि स्थायी तथा अस्थायी संरचनाको निर्माण नगरौं ।
- सम्बन्धित निकायको अनुमतिविना कुनै पनि शाखा सडक निर्माण नगरौं ।
- भवन लगायतका पूर्वाधार निर्माण सम्बन्धमा स्थानीय तहले जारी गरेको मापदण्ड पूर्णरूपमा पालना गरौं । सडकमा जथाभावी सवारी साधन पार्किङ नगरौं ।
- निर्माण तथा व्यापारिक सामग्रीहरु सडक तथा फुटपाथमा नराखौं ।
- विभिन्न निर्माण कार्यहरूको समयमा नालीलाई नपुरिने गरी निर्माणकार्य गरौं र पुरिएको खण्डमा पानीको प्रवाहलाई सडकमा नआउने गरी व्यवस्थापन गरौं साथै कार्य सकिएपछि नाली सफा गरौं ।
- सडकमा सवारी साधन धुने र पखाल्ने नगरौं ।
- बाढीपहिरो तथा अन्य कारणबाट सडक संरचनाहरु अवरूद्ध एवम् क्षति भएमा सम्बन्धित निकायमा तुरुन्त खबर गरौं । सडकमा घरपालुवा चौपायाहरु बेवारिसे अवस्थामा नछोडौं ।
- सडकको दायाँ-बायाँ रूख विरूवा रोपौं ।
- ढुङ्गा, बालुवा गिट्टी, रड इत्यादि निर्माण सामग्रीहरु सडकपेटीमा नथुपारौं ।
- घर बनाउँदा नेपाल सरकारको मापदण्डअनुसार सडक छोडेर बनाऔं ।
- निर्माण सामग्री बोक्ने ट्याक्टर, टिपर, ट्रकहरूले माटो बालुवा,
- गिट्टी ढुवानी गर्दा सडकमा झार्दै ढुवानी नगरौं ।
- सडकको दायाँ-बायाँमा क्षति हुने कुनै पनि काम नगरौं ।
- सडकमा फोहोर मैला दुर्गन्धित हुने कुनै पनि वस्तु नफालौं ।
- सडक, बाटो तपाईं हाम्रो साझा सम्पत्ति हो त्यसैले संरक्षण गरौं । सुरक्षित तथा भुकम्प प्रतिरोधी आवाश निर्माण गरौं । सडकको सुरक्षा नै सुरक्षित यात्रा सुनिश्चित गर्नु हो । दिगो र बलियो भौतिक संरचनामा जोड दिऔं ।
- प्राविधिकको निगरानीमा भौतिक संरचना निर्माण गरौं ।
- दिगो सडक, पुलपुलेसा, भवन निर्माण हाम्रो सरोकार जोखिमरहित पूर्वाधार सेवा प्राप्ति नागरिक अधिकार । आफ्नो गाउँटोलमा सञ्चालन हुने विकास निर्माणमा सहभागी बनौं ।
- विकासको हरेक काम कारबाही जानकारी राखौं ।
- विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१–४३७३५७७, ०१–४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ